# जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३,

# जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४

# व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) सम्बन्धी बडापत्र

# र

## स्थानीय पञ्जिकाधिकारीलाई व्यक्तिगत घटना दर्ता सम्बन्धमा भएका निर्देशन तथा परिपत्रहरूको संग्रह

२०७०

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**जनसंख्या तथा पञ्जिकरण व्यवस्थान शाखा**
सिंहदरवार, काठमाडौ
फोन नं.: ४२००२९२
Website : www.mofald.gov.np
e-mail : vitalevent@mofald.gov.np

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३,**
**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४,**
**व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) सम्बन्धी बडापत्र**
**र**
**स्थानीय पञ्जिकाधिकारीलाई व्यक्तिगत घटना दर्ता सम्बन्धमा भएका निर्देशन तथा परिपत्रहरुको संग्रह**
**२०७०**


**नेपाल सरकार**
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखा**
सिंहदरवार, काठमाडौं ।
फोन नं. +९७७-१-४२००२९२
Website : www.mofald.gov.np
e-mail : vitalevent@mofald.gov.np


## विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ | १ |
| २. | जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ | ७ |
| ३. | जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ सँग सम्बन्धित अनुसूचीहरु | ११ |
| ४. | व्यक्तिगत घटना दर्ता सम्बन्धमा भएका निर्देशन तथा परिपत्रहरु | ३२ |
| ५. | निर्देशन तथा परिपत्रहरु संग सम्वन्धित अनुसूचिहरु | ६३ |
| ६. | व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) सम्बन्धी बडापत्र | ६७ |

# जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३

**लालमोहर र प्रकाशन मिति**
**२०३३।७।४**

**संशोधन गर्ने ऐन**

| | |
|---|---|
| जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने (पहिलो संशोधन) ऐन, २०३७ | २०३७।५।२६ |
| जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने (दोस्रो संशोधन) ऐन, २०४८ | २०४८।७।१४ |
| न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ | २०६३।७।१७ |

**प्रस्तावना** : ♦नेपालमा बसोबास गर्ने व्यक्तिहरुको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटना दर्ता गरी प्रमाण-पत्र वितरण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेकोछ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :

(१) यस ऐनको नाम "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐनको विस्तार नेपालभर हुनेछ ।

(३) दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अरु दफाहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको क्षेत्रमा प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "व्यक्तिगत घटना" भन्नाले कुनै व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई सम्झनु पर्छ ।

(ख) "बसाई सराई" भन्नाले ६ महिनाभन्दा बढी अवधिको लागि नेपालभित्र एक गाउँ विकास समिति वा नगरपालिका क्षेत्रबाट अर्को गाउँ विकास समिति वा नगरपालिका क्षेत्रमा वा विदेशमा बसाई सरी जाने वा विदेशबाट बसाई सरी आउने कार्यलाई सम्झनुपर्छ ।❁

---

♦ पहिलो संशोधनद्वारा संशोधित ।

❁ पहिलो संशोधनद्वारा संशोधित ।



(ग) "पञ्जिकाधिकारी" भन्नाले दफा ३ बमोजिम नियुक्त भएको वा तोकिएको पञ्जिकाधिकारी (रजिष्ट्रार) वा स्थानीय पञ्जिकाधिकारी सम्झनुपर्छ ।✪

(घ) "परिवारको मुख्य व्यक्ति" भन्नाले परिवारको चाँजोपाँजो मिलाउने वरिष्ठ व्यक्ति वा परिवारको पालन-पोषण गर्ने व्यक्ति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. पञ्जिकाधिकारी तथा स्थानीय पञ्जिकाधिकारी**: यस ऐनको प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एकजना पञ्जिकाधिकारी (रजिष्ट्रार) र निजको मातहतमा रहने गरी नेपालको प्रत्येक गाउँ विकास समिति वा नगरपालिका क्षेत्रको लागि स्थानीय पञ्जिकाधिकारी (रजिष्ट्रार) हरु नियुक्त गर्न वा तोक्न सक्नेछ ।

**४. व्यक्तिगत घटनाको सूचना**:

(१) देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनको लागि त्यस्तो घटना घटेको पैंतीस दिनभित्र तोकिए बमोजिमको फाराम भरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा सूचना गर्नु पर्नेछ :-

(क) जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको❃...............व्यक्तिले,

(ख) विवाहको सूचना पति पत्नी दुवैले,☼

(ग) सम्बन्ध विच्छेदको सूचना पति वा पत्नीले,☼

(घ) बसाई सराईको सूचना बसाई सर्ने परिवार भए परिवारको मुख्य व्यक्तिले र परिवार नभए बसाई सराई गर्ने व्यक्तिले ।

(२) व्यक्तिगत घटना नेपालबाहिर घटेको भए उपदफा (१) बमोजिम सो घटनाको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नेपालमा आएपछि निजले साठी दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम व्यक्तिगत घटनाको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो सूचना दर्ता गराउनको लागि कुनै व्यक्तिलाई अधिकृत गर्न सक्नेछ ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको व्यक्तिले त्यस्तो सूचना दिनु पर्नेछ ।

**५. व्यक्तिगत घटना दर्ता गर्ने**:

(१) दफा ४ बमोजिमको सूचना प्राप्त हुनासाथ स्थानीय पञ्जिकाधिकारीले देहायबमोजिम गरी त्यस्तो घटना सम्बन्धित दर्ता किताबमा दर्ता गर्नेछ :-

(क) सूचना दिन आउने व्यक्तिले भरेको फाराम ठीक छ छैन जाँची ठीक नभए ठीक गर्न लगाई, र

(ख) सूचना गर्न आउने व्यक्ति लेखपढ गर्न नजान्ने भए निजले भने बमोजिम आफैले फाराम भरी वा भर्न लगाई निजको ल्याप्चे सहिछाप गराई ।

(२) सम्बन्ध विच्छेदको सूचना दर्ता गर्दा सो सम्बन्धमा अदालतबाट भएको निर्णय समेत हेरी दर्ता गर्नु पर्नेछ ।

---

✪ दोस्रो संशोधनद्वारा संशोधित ।

❃ लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधित गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

☼ दोस्रो संशोधनद्वारा संशोधित ।

(३) दफा ४ को उपदफा (१) वा (२) मा तोकिएको म्याद नाघेको पैंतीस दिनभित्र व्यक्तिगत घटनाको दर्ता गराउन आएमा स्थानीय पञ्जिकाधिकारीले °आठ रुपैया दस्तुर लिई दर्ता गर्नेछ ।

(४) काबूबाहिरको परिस्थितिमा बाहेक उपदफा (३) मा तोकिएको म्यादभित्र पनि व्यक्तिगत घटना दर्ता °नगराउनेलाई स्थानीय पञ्जिकाधिकारीले बढीमा पचास रुपैयासम्म जरिवाना गरी दर्ता गरिदिनेछ ।

६. **प्रमाण-पत्र दिने** : दफा ५ बमोजिम व्यक्तिगत घटनाको सूचना दर्ता गर्नासाथ स्थानीय पञ्जिकाधिकारीले दफा ४ को उपदफा (१) मा तोकिएका व्यक्तिलाई निःशुल्क दर्ताको प्रमाण-पत्र दिनेछ ।

७. **दर्ताको प्रमाण-पत्रको नक्कल दिन सकिने** :

(१) दफा ६ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाण-पत्र हराएमा वा कुनै प्रकारले नष्ट भएमा सरोकारवाला व्यक्तिले सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिव देखेमा सम्बन्धित स्थानीय पञ्जिकाधिकारीले तोकिएको दस्तुर लिई दर्ताको प्रमाण-पत्रको नक्कल दिनेछ ।

८. **परिवारको लगत तयार गर्न कर्मचारी खटाउन सकिने** :

(१) व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनको लागि परिवारको लागत तयार पार्न आवश्यक देखिएमा नेपाल सरकारले सो कामको लागि कर्मचारी खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको कर्मचारीले मागेको विवरण वा सोधिएको प्रश्नावलीको जवाफ दिनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

९. ○**दर्ताको मान्यता** : दफा ६ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाण-पत्र व्यक्तिगत घटना भएकोछ भन्ने कुराको प्रमाण हुनेछ र त्यस्तो प्रमाण कुनै पनि कार्यालय र अदालतमा पेश गर्न तथा वैयक्तिक कारोबारमा प्रयोग गर्न सकिनेछ ।

तर कुनै व्यक्तिले झुट्टा विवरण दाखिल गरी दर्ताको प्रमाण-पत्र लिएको रहेछ भन्ने कुरो प्रमाणित हुन आएमा, त्यस्तो दर्ताको प्रमाण-पत्र रद्द हुनेछ ।

९क. □**<u>दर्ता भएको उमेर, नाम र जात निःशुल्क सच्याउन सक्ने</u>** :

(१) यो ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर, नाम वा जात यस ऐन बमोजिम एक पटक दर्ता भई दर्ताको प्रमाण-पत्र प्रदान गरिएपछि सच्याउन परेमा त्यस्को लागि सम्बन्धित व्यक्तिले त्यसरी दर्ताको प्रमाण-पत्र प्रदान गरिएको मितिले ६ महिनाभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको दरखास्त प्राप्त हुन आएपछि स्थानीय पञ्जिकाधिकारीले सो सम्बन्धमा छानविन गरी दर्ता किताबमा र दर्ताको प्रमाण-पत्रमा रहेको उमेर, नाम वा जात निःशुल्क सच्याई दिन सक्नेछ ।

---

° पहिलो संशोधनद्वारा संशोधित ।

○ पहिलो संशोधनद्वारा संशोधित ।

□ पहिलो संशोधनद्वारा थप ।



(३) यस ऐन बमोजिमको दर्ता किताबमा र प्रदान गरिएको दर्ताको प्रमाण-पत्रमा रहेको कुनै व्यक्तिको उमेर, नाम वा जात यस दफा बमोजिम बाहेक प्रचलित अन्य कुनै पनि कानून बमोजिम सच्याउन सकिने छैन ।

१०. **व्यक्तिगत घटना दर्ता किताब निरीक्षण गर्न सकिने** : कुनै व्यक्तिले ✍...........स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा रहेको व्यक्तिगत घटना दर्ता किताब निरीक्षण गर्न चाहेमा तोकिएको दस्तुर लिई सम्बन्धित पञ्जिकाधिकारीले दर्ता किताब निरीक्षण गर्न दिन सक्नेछ ।

११. **अभिलेख राख्नु पर्ने** : सबै स्थानीय ✪पञ्जिकाधिकारीले महिनैपिच्छे दर्ता भएको व्यक्तिगत घटनाको विवरण ✪पञ्जिकाधिकारी कहाँ यथाशीघ्र पठाउनु पर्नेछ र ✪पञ्जिकाधिकारीले पनि त्यसरी प्राप्त हुन आएको विवरण संकलन एवं विश्लेषण गरी व्यक्तिगत घटना दर्ताको अभिलेख अध्यावधिक गरी वार्षिक नतीजा समेत प्रकाशित गर्नु पर्नेछ ।

१२. **गाउँ विकास समिति वा नगरपालिकाको कर्तव्य** :

(१) यो ऐन बमोजिम दर्ता गराउनु पर्ने व्यक्तिगत घटना भएको थाहा पाएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले सम्बन्धित व्यक्तिलाई सम्झाई बुझाई त्यस्तो घटनाको सूचना दर्ता गर्ने सम्बन्धमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने कामको सिलसिलामा खटिएका कर्मचारी वा स्थानीय पञ्जिकाधिकारीलाई आवश्यक सहयोग गर्न गाउँ विकास समिति वा नगरपालिकाको कर्तव्य हुनेछ ।

१३. **दण्ड सजाय** :

(१) दफा ८ को उपदफा (२) बमोजिम मागिएको विवरण वा सोधिएको प्रश्नावलीको जवाफ नदिनेलाई बढीमा पचास रुपैयासम्म जरिवाना हुनेछ ।

(२) ☆कसैले अरुलाई दुःख दिने वा व्यक्तिगत लाभ गर्ने नियतले झुट्टो व्यक्तिगत घटनाको सूचना दिएको प्रमाणित भएमा त्यस्तो झुट्टो सूचना दिने व्यक्तिलाई बढीमा एकसय रुपैयासम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै हुनेछ र त्यस्तो घटना दर्ता भइसकेको रहेछ भने सो दर्ता रद्द हुनेछ ।

(३) कसैले आफ्नो जिम्मामा रहेको व्यक्तिगत घटना सम्बन्धी सूचना फाराम वा दर्ता किताब वा परिवार लगत जानी-जानी नष्ट गरेमा वा व्यक्तिगत लाभ वा अनधिकृत कामको लागि प्रयोग गरेमा निजलाई तीन महिनासम्म कैद वा तीनसय रुपैयाँदेखि छ सय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सकिनेछ ।

(४) *कसैले व्यक्तिगत घटना दर्ता गराउन आउने व्यक्तिलाई दर्ता गराउन रोकेको वा छेकथुन गरेको वा भड्काएको ठहरेमा निजलाई बढीमा दुईसय रुपैयाँसम्म जरिवाना हुनेछ ।

१४. **नेपाल सरकारबादी हुने** : दफा १३ अन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकारबादी हुनेछ ।

---

✍ दोस्रो संशोधनद्वारा झिकिएको ।

✪ दोस्रो संशोधनद्वारा संशोधित ।

☆ पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा थप ।

**१५. मुद्दा हेर्ने अधिकारी र कार्यविधि :**

(१) दफा १३ अन्तर्गत सजाय हुने मुद्दाको कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारवाई गर्दा प्रमुख जिल्ला अधिकारीले विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ ।

(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर [❋]पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

**१६. बाधा अड्काउ फुकाउने अधिकार** : यो ऐनमा लेखिएको कुनै कुरा कार्यान्वित गर्न बाधा अड्काउ परेमा नेपाल सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

**१७. नियम बनाउने अधिकार :**

(१) यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी खासगरी देहायका विषयहरुमा नियमहरु बनाउन सकिनेछ :-

(क) यस ऐन बमोमिज भर्नुपर्ने व्यक्तिगत घटनाको सूचना फाराम तथा [¤]स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा रहने दर्ता किताब सम्बन्धमा,

(ख) व्यक्तिगत घटनाको दर्ताको प्रमाण-पत्र सम्बन्धमा,

(ग) व्यक्तिगत घटनाको दर्ताको प्रमाण-पत्रको नक्कल तथा दर्ता किताबको निरीक्षण दस्तुर सम्बन्धमा,

(घ) परिवारको लगत तयार गर्न आवश्यक विवरण वा प्रश्नावलीको ढाँचा तोक्ने सम्बन्धमा,

(ङ) विवरण सच्याउने सम्बन्धमा,

(च) बच्चाको नाम दर्ता गर्ने र दर्ता भईसकेको नाम फेर्ने सम्बन्धमा ।

**<u>रुपान्तर</u>** : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ ले "श्री ५ को सरकार" भन्ने शब्दको सट्टा “नेपाल सरकार” भन्ने शब्द राखी रुपान्तर गरेको ।

**<u>द्रष्टव्य</u>** : जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) (दोस्रो संशोधन) ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरु :

“गाउँ पंचायत वा नगर पंचायत” “गाउँ वा नगर पंचायत” वा “स्थानीय पंचायत” भन्ने शब्दहरुको सट्टा “गाउँ विकास समिति वा नगरपालिका” ।

गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको ।

[❋] न्याय प्रशासन ऐन, २०४८ द्वारा संशोधित ।

[¤] दोस्रो संशोधनद्वारा संशोधित ।



# जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३

## प्रारम्भ भएका जिल्ला र मिति

| सि.नं. | जिल्लाको नाम | ऐन प्रारम्भ भएको मिति | प्रकाशन मिति |
|---|---|---|---|
| १. | झापा, रौतहट, मोरङ्ग, काठमाडौं, सप्तरी, कपिलवस्तु, महोत्तरी, बाँके, सर्लाही र कञ्चनपुनर (१०) | २०३४।१।१ | २०३३।१२।२९ |
| २. | बारा, पर्सा, धनुषा र सुनसरी (४) | २०३५।१०।१ | २०३५।८।२६ |
| ३. | सिराहा (१) | २०३५।११।१ | २०३५।८।२६ |
| ४. | रुपन्देही र नवलपरासी (२) | २०३५।१२।१ | २०३५।८।२६ |
| ५. | चितवन, मकवानपुर, बर्दिया र कैलाली (४) | २०३६।१।१ | २०३५।८।२६ |
| ६. ∆ | काभ्रेपलाञ्चोक, कास्की र पाल्पा (३) | २०३६।१।१ | २०३६।११।१ |
| ७. | ललितपुर, भक्तपुर र सुर्खेत (३) | २०३६।११।१ | २०३६।११।१ |
| ८. | दाङ्ग (१) | २०३६।१२।१ | २०३६।११।१ |
| ९. | तनहुँ, नुवाकोट र धादिङ्ग (३) | २०३७।९।१ | २०३७।७।२५ |
| १०. | इलाम र धनकुटा (२) | २०३७।१०।१ | २०३७।७।२५ |
| ११. | जुम्ला (१) | २०३७।१२।१ | २०३७।७।२५ |
| १२. | गोरखा (१) | २०३८।८।१ | २०३८।८।१ |
| १३. | सिन्धुली र उदयपुर (२) | २०३८।९।१ | २०३८।८।१ |
| १४. | स्याङ्गजा (१) | २०३८।१०।१ | २०३८।८।१ |
| १५. | सिन्धुपाल्चोक (१) | २०३८।११।१ | २०३८।८।१ |
| १६. | रसुवा (१) | २०३८।१२।१ | २०३८।८।१ |
| १७. | पाँचथर, ताप्लेजुङ्ग, तेह्रथुम, भोजपुर, संखुवासभा,सोलुखुम्बु, ओखलढुंगा, खोटाङ्ग, रामेछाप, दोलखा, लमजुङ्ग, मनाङ्ग, म्याग्दी, बाग्लुङ्ग, पर्वत, मुस्ताङ्ग, अर्घाखाँची, गुल्मी, प्यूठान, सल्यान, रोल्पा, रुकुम, डोल्पा, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, अछाम, डोटी, बाजुरा, बझाङ्ग, दार्चुला, बैतडी र डडेल्धुरा (३५) | २०४७।१।१ | २०४६।१२।२६ |

# जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४

**नेपाल राजपत्रमा प्रकाशित मिति**
**२०३४।४।१०**

**संशोधन गर्ने नियम**

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने)
(पहिलो संशोधन) नियमावली, २०६४ २०६५।२।१३

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :
(१) यी नियमहरुको नाम "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४" रहेको छ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-
(क) "ऐन" भन्नाले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ सम्झनुपर्छ ।
(ख) "सूचना" भन्नाले ऐन बमोजिम व्यक्तिगत घटनाको सूचना दिने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ ।

३. **पञ्जिकाधिकारी (रजिष्ट्रार) को काम र कर्तव्य** : यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम र कर्तव्यको अतिरिक्त पञ्जिकाधिकारीको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-
(क) स्थानीय पञ्जिकाधिकारीहरुलाई व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा निर्देशन दिने,
(ख) स्थानीय पञ्जिकाधिकारीहरुले यथासमयमा व्यक्तिगत घटना दर्ता नगरी वा दर्ताको प्रमाण-पत्र नदिई सूचकलाई अनावश्यक तवरले झुल्याई राखेको छ भनी निजहरु उपर पर्न आएको उजूरीमा आवश्यक कारवाही गर्ने,
(ग) दर्ता भईसकेको व्यक्तिगत घटनाको विवरण सच्याउने र दर्ता भईसकेको नाम फेर्ने सम्बन्धमा स्थानीय पञ्जिकाधिकारीलाई अनुमति दिने,
(घ) स्थानीय पञ्जिकाधिकारीको कार्यालयले पठाईने व्यक्तिगत घटना दर्ताको मासिक विवरण सम्बन्धी फारामको ढाँचा तोकिदिने,
(ङ) व्यक्तिगत घटनाको दर्ताको तथ्याङ्क सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
(च) व्यक्तिगत घटनाको दर्ताको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार पारी नेपाल सरकारमा पेश गर्ने,
(छ) व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा ऐन र नियमको उद्देश्य कार्यान्वयन गर्न आवश्यक काम कारवाई गर्ने ।



४. **परिवारको लगत** :
(१) व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनको लागि परिवारको लगत तयार पार्न नेपाल सरकारले आवश्यक कर्मचारी खटाई अनुसूची-१ बमोजिमको ढाँचामा परिवारको लगत तयार गर्न लगाउन सक्नेछ ।
(२) उपनियम (१) बमोजिम तयार गरिएको परिवारको लगत पञ्जिकाधिकारीको कार्यालयमा राखिनेछ र नियम १३ बमोजिम स्थानीय पञ्जिकाधिकारीले पठाएको व्यक्तिगत घटना दर्ताको मासिक विवरण अनुसार सम्बन्धित परिवारको लगतमा आवश्यक अनुसार थपघट गरिनेछ ।

५. **व्यक्तिगत घटनाको सूचना दिने** :
(१) सूचकले देहायको व्यक्तिगत घटनाको सूचना ऐनमा तोकिएको म्यादभित्र देहायको अनुसूची बमोजिमको फाराम भरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दिनु पर्नेछ :-

| **व्यक्तिगत घटना** | **फाराम** |
|---|---|
| (क) जन्म | अनुसूची-२ |
| (ख) मृत्यु | अनुसूची-३ |
| (ग) विवाह | अनुसूची-४ |
| (घ) सम्बन्ध विच्छेद | अनुसूची-५ |
| (ङ) बसाई सराई | अनुसूची-६ |

(२) जन्मको सूचना दिंदा बच्चाको नामाकरण भइसकेको नभए त्यस्तो बच्चाको नाम पछि दर्ता गराउन सकिनेछ ।
(३) उपनियम (१) बमोजिमको फाराम सूचकलाई निःशुल्क उपलब्ध गराइनेछ ।

६. **व्यक्तिगत घटना दर्ता** : नियम ५ बमोजिमको सूचना प्राप्त भएपछि स्थानीय पञ्जिकाधिकारीले ऐन बमोजिम गर्नुपर्ने काम गरी देहायको व्यक्तिगत घटनाको सूचना देहायको अनुसूची बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ :-

| व्यक्तिगत घटना | दर्ता किताब |
|---|---|
| (क) जन्म | अनुसूची-७ |
| (ख) मृत्यु | अनुसूची-८ |
| (ग) विवाह | अनुसूची-९ |
| (घ) सम्बन्ध विच्छेद | अनुसूची-१० |
| (ङ) बसाई सराई | अनुसूची-११ |

७. **दर्ताको प्रमाण-पत्र दिने** : नियम ६ बमोजिम व्यक्तिगत घटनाको सूचना दर्ता गरी सकेपछि स्थानीय पञ्जिकाधिकारीले देहायको व्यक्तिगत घटनाको सूचना दिने सूचकलाई देहायको अनुसूची बमोजिमको दर्ताको प्रमाण-पत्र दिनु पर्नेछ :-

| **व्यक्तिगत घटना** | **दर्ताको प्रमाण-पत्र** |
|---|---|
| (क) जन्म | अनुसूची-१२ |
| (ख) मृत्यु | अनुसूची-१३ |
| (ग) विवाह | अनुसूची-१४ |
| (घ) सम्बन्ध विच्छेद | अनुसूची-१५ |
| (ङ) बसाई सराई | अनुसूची-१६ |

**८. प्रमाण-पत्रको नक्कल दिने :**

(१) व्यक्तिगत घटनाको दर्ताको प्रमाण-पत्र हराएमा वा कुनै प्रकारले नष्ट भएमा त्यस्तो प्रमाण-पत्रको नक्कलको लागि सरोकारवाला व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय पञ्जिकाधिकारीले सम्बन्धित दर्ता किताबको कैफियत महलमा दर्ताको प्रमाण-पत्रको नक्कल दिएको व्यहोरा जनाई मिति समेत हाली सही गरी पाँच रुपैयाँ दस्तुर लिई निवेदकलाई दर्ताको प्रमाण-पत्रको नक्कल दिनु पर्नेछ ।

**९. विवरण सच्याउने :**

(१) दर्ता भईसकेको व्यक्तिगत घटनाको विवरण कुनै कारणले सच्याउनु परेमा त्यस्तो कारण खोली सम्बन्धित प्रमाण-पत्र नत्थी गरी सरोकारवाला व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय पञ्जिकाधिकारीले पञ्जिकाधिकारीको अनुमति लिई सम्बन्धित दर्ता किताबमा र प्रमाण-पत्रमा समेत निवेदन बमोजिम सच्याउनु पर्ने कुरा सच्याई दिनु पर्नेछ । त्यसरी दर्ता भईसकेको विवरण सच्याउँदा एक रुपैयाँ दस्तुर लाग्नेछ ।

**१०. बच्चाको नाम दर्ता गर्ने र दर्ता भईसकेको नाम फेर्ने :**

(१) नियम ५ को उपनियम (२) बमोजिम बच्चाको नाम दर्ता गराउन सरोकारवाला व्यक्तिले सम्बन्धित प्रमाण-पत्र नत्थी गरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय पञ्जिकाधिकारीले सम्बन्धित दर्ता किताबमा निवेदनमा लेखिए बमोजिमको नाम दर्ता गरी मिति समेत हाली सही गरी प्रमाण-पत्रमा पनि नाम जनाई दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम नाम दर्ता गरेको कुराको जानकारी स्थानीय पञ्जिकाधिकारीले तुरुन्त पञ्जिकाधिकारीको कार्यालयलाई दिनु पर्नेछ ।

(४) कुनै व्यक्तिको पहिलो दर्ता भईसकेको नाम फेर्नु परेमा त्यस्को कारण खोली सम्बन्धित प्रमाण-पत्र नत्थी गरी सरोकारवाला व्यक्तिले सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय पञ्जिकाधिकारीले पञ्जिकाधिकारीको अनुमति लिई सम्बन्धित दर्ता किताबको कैफियत महलमा फेरिएको नाम लेखी मिति समेत हाली सही गरी प्रमाण-पत्रमा समेत फेरिएको नाम लेखि दिनु पर्नेछ । त्यसरी दर्ता भईसकेको नाम फेर्दा एक रुपैयाँ दस्तुर लाग्नेछ ।

**११. दर्ता किताबको निरीक्षण :** सरोकारवाला व्यक्तिले व्यक्तिगत घटना दर्ता किताब निरीक्षण गर्न निवेदन दिएमा स्थानीय पञ्जिकाधिकारीले एक रुपैयाँ निरीक्षण दस्तुर लिई आफ्नो रोहबरमा दर्ता किताब निरीक्षण गर्न दिन सक्नेछ ।

११क. *दस्तुर बापत प्राप्त रकम कोषमा जम्मा गर्ने :

---

* पहिलो संशोधनद्वारा थप



(१) ऐनको दफा १३ बमोजिम प्राप्त हुने जरिवाना रकम बाहेक ऐन र यस नियमावली बमोजिम प्राप्त हुने दस्तुर तथा अन्य रकमहरु सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जम्मा भएको रकम व्यक्तिगत घटना दर्तासँग सम्बन्धित कार्यमा खर्च गरिनेछ ।

**१२. निवेदन दिने सम्बन्धमा :**

(१) ऐन तथा यस नियमावली बमोजिम सरोकारवाला व्यक्तिले निवेदन दिन आउँदा त्यस्तो व्यक्ति लेखपढ गर्न नजान्ने भए निजले भने बमोजिम स्थानीय पञ्जिकाधिकारीले आफैंले लेखी वा लेख्न लगाई निजको ल्याप्चे सहिछाप गराउनु पर्नेछ ।

(२) ऐन वा यस नियमावली बमोजिम निवेदन दिंदा कुनै दस्तुर लाग्ने छैन ।

**१३. मासिक विवरण पठाउनु पर्ने :** स्थानीय पञ्जिकाधिकारीको कार्यालयले पञ्जिकाधिकारीले तोकी दिएको ढाँचा बमोजिमको फाराममा व्यक्तिगत घटना दर्ताको मासिक विवरण अर्को महिनाको पहिलो हप्ताभित्र पञ्जिकाधिकारीको कार्यालयमा पठाउनु पर्नेछ ।

**१४. अभिलेख राख्नु पर्ने :** पञ्जिकाधिकारीको कार्यालयले नियम १३ बमोजिम प्राप्त हुन आएको विवरण संकलन एवं विश्लेषण गरी व्यक्तिगत घटना दर्ताको अध्यावधिक अभिलेख राख्नु पर्नेछ ।

**१५. अनुसूचीमा हेरफेर :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

<u>रुपान्तर</u> : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ ले "श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" भन्ने शब्द राखी रुपान्तर गरेको ।

<u>द्रष्टव्य</u> : गाउँ विकास समिति ऐन, २०४८ द्वारा रुपान्तर गरिएका शब्दहरु :- “गाउँ सभा” वा “गाउँ पञ्चायत” को सट्टा “गाउँ विकास समिति” ।

# जन्म, मृत्य’ तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ सँग सम्बन्धित अन’सद्रचीहरु

अनुसूची -१

अनुसूची–१
(नियम ४ सँग सम्बन्धित)
नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**
**.........गाउँ विकास समिति/नगरपालिका**
**.............जिल्ला**
**परिवारको लगत फारम**

परिवारको लगत फाराम

| विवरण | नाम |
|---|---|
| जिल्ला: | |
| निर्वाचन क्षेत्र नं. | |
| गा.वि.स.न.पा. | |
| वडा नं. | |
| टोल: | |
| घर नं. | |
| परिवार नं. | |

घरमुलीको नामः धर्म मातृभाषा

| क्र.सं. | पारिवारिक फाराम भर्दा भर्ने | | | | | | | | | | नियम ४ को उपनियम (२) बमोजिम पञ्जिकाधिकारीको कार्यालयबाट भरिने | | | | | | | | | | | | | | | | | | | | | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरमुलीसहित परिवारको सदस्यहरुको नाम थर | घरमुली संगको नाता | नाम | | | जन्म मिति | लिंग | राष्ट्रियता | नागरिकता लिएको भए | | जन्म | | | | विवाह | | | | मृत्यु | | | | स. वि. दर्ता नं. | सम्बन्ध विच्छेद | | | वसाई सराइ | | | | | |
| | | | बावु | आमा | पति/पत्नी | | | | नं. | लिएको जिल्ला | जन्म दर्ता नं. | जन्म मिति | स्थानीय पं को नाम | स्थानीय पं को दस्तखत र मिति | विवाह दर्ता नं. | विवाह मिति | स्थानीय पं को नाम | स्थानीय पं को दस्तखत र मिति | मृत्यु दर्ता नं. | मृत्यु मिति | स्थानीय पं को नाम | स्थानीय पं को दस्तखत र मिति | | सम्बन्ध विच्छेद मिति | स्थानीय पं को नाम | स्थानीय पं को दस्तखत र मिति | बसाइ सराई दर्ता नं. | बसाई सराइ को मिति | बसाइ सरि गएको जिल्ला | स्थानीय पं को नाम | स्थानीय पं को दस्तखत र मिति | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ | ३३ |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

शुरु फारम

शुरु लगत फारम प्रमानित गर्ने: ........................



अनुसूची–२
(नियम ५ सँग सम्बन्धित)

## जन्मको सूचना फाराम

स्थानीय पञ्जिकाधिकारीले भर्ने

| | |
|---|---|
| अञ्चल | |
| जिल्ला | |
| गा.वि.स./न.पा. | |
| वडा नं. | |

| | | |
|---|---|---|
| स्थानीय पञ्जिकाधिकारीको नाम | | |
| स्थानीय पञ्जिकाधिकारीको नाम (In English) | | |
| कर्मचारी संकेत नं. | | |
| फाराम दर्ता नं. | | |
| फाराम दर्ता मिति (साल-महिना-गते) | वि.सं. | ई.सं. |
| परिवारको लगत फाराम नं. | | |

(सूचकले भर्ने)

श्री स्थानीय पञ्जिकाधिकारीज्यू,

................................गा.वि.स. /न.पा.

..................................जिल्ला

महोदय,

निम्न लिखित विवरण खुलाई नवजात शिशु जन्मको सूचना दिन आएको छु । कानून अनुसार जन्म दर्ता गरी पाँऊ ।

### १. नवजात शिशुको विवरण

नामः ☐ थर ☐

पूरा नाम थर (In English) ☐

जन्म मिति (साल-महिना-गते): वि.सं. मा   /  /   ई.सं. मा   /  /

शिशु जन्मेको ठाउँ: घर ☐ स्वास्थ-संस्था ☐ अस्पताल ☐ अन्य ☐

शिशु जन्मदा मद्दत गर्ने व्यक्तिः घरको मानिस ☐ सुडिनी ☐ नर्स ☐ स्वास्थ कर्मी ☐ डाक्टर ☐ अन्य

लिङ्गः पुरुष ☐ महिला ☐ अन्य ☐

जात / जातिः ☐ जन्मको किसिमः एकल ☐ जुम्ल्याहा ☐ तिम्ल्याहा वा सो भन्दा बढी ☐

कुनै शारीरिक विकृतीः छ ☐ छैन ☐ भएमा उल्लेख गर्नेः

**शिशु जन्मेको ठेगाना**

जिल्ला : ☐ गा.वि.स./न.पा. ☐ वडा नं. ☐

विदेशमा जन्मेको भएमा ठेगाना:

विदेशमा जन्मेको भएमा ठेगाना (In English):

### २. नवजात शिशुको बाजेको विवरण

नवजात शिशुको बाजेको नाम ☐ थर ☐

बाजेको पूरा नाम थर (In English)

### ३. नवजात शिशुको बाबु आमाको विवरण

| | बाबुको विवरण | आमाको विवरण |
|---|---|---|
| नाम | | |
| थर | | |
| पूरा नाम थर (In English) | | |

| | बाबुको विवरण | | आमाको विवरण | |
|---|---|---|---|---|
| **स्थायी ठेगाना** | नेपालीमा | In English | नेपालीमा | In English |
| जिल्ला | | | | |
| गा.वि.स./न.पा. | | | | |
| वडा नं. | | | | |
| सडक / मार्ग | | | | |
| गाउँ / टोल | | | | |
| घर नं. | | | | |
| शिशु जन्मदाको उमेर | | | | |
| जन्म भएको देश | | | | |
| नागरिकता लिएको देश | | | | |
| नागरिकता प्रमाणपत्र नं. | | | | |
| प्रमाणपत्र जारी मिति (साल-महिना-गते) | | | | |
| नागरिकता प्रमाणपत्र जारी जिल्ला | | | | |
| विदेशी भएमा पासपोर्ट नं. र देशको नाम | | | | |
| शिक्षाको स्तर (उत्तीर्ण तह) | | | | |
| पेशा | | | | |
| धर्म | | | | |
| मातृभाषा | | | | |
| यो शिशु समेत गरी हालसम्म जन्मेको सन्तान सङ्ख्या | | | | |
| यो शिशु समेत गरी हालसम्म जीवित सन्तान सङ्ख्या | | | | |
| विवाह दर्ता नं. | | | | |
| विवाह भएको मिति (साल-महिना-गते) | वि.सं. मा | | ई.सं. मा | |

**यसमा लेखिएको विवरण साँचो हो। झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने सूचकको विवरण ।**

नाम ______ थर ______

पूरा नाम थर (In English) ______

नवजात शिशुसँगको नाता ______

**ठेगाना**

जिल्ला ______ गा.वि.स./न.पा. ______

वडा नं. ______ सडक / मार्ग ______ गाउँ / टोल ______

घर नं.

**नागरिकता (स्वदेशी भएमा)**

नागरिकता प्रमाणपत्र नं. ______

नागरिकता प्रमाणपत्र जारी मिति (साल-महिना-गते) / /

नागरिकता प्रमाणपत्र जारी जिल्ला ______

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम** ______

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम** (In English) ______

फाराम भरेको मिति (साल-महिना-गते) / /

दायाँ बायाँ

सूचकको सहिछाप

..................................



अनुसूची–३

(नियम ५ सँग सम्वन्धित)

# मृत्युको सूचना फाराम

स्थानीय पञ्जिकाधिकारीले भर्ने

| | |
|---|---|
| अञ्चल | |
| जिल्ला | |
| गा.वि.स./न.पा. | |
| वडा नं. | |

| | | |
|---|---|---|
| स्थानीय पञ्जिकाधिकारीको नाम | | |
| स्थानीय पञ्जिकाधिकारीको नाम (In English) | | |
| कर्मचारी संकेत नं. | | |
| दर्ता नं. | | |
| फाराम दर्ता मिति (साल-महिना-गते) | वि.सं. | ई.सं. |
| परिवारको लगत फाराम नं. | | |

(सूचकले भर्ने)

श्री स्थानीय पञ्जिकाधिकारीज्यू,

.................................गा.वि.स./न.पा.

..................................जिल्ला

महोदय,

निम्न लिखित विवरण खुलाई मृतकको सूचना दिन आएको छु । कानून अनुसार मृत्यु दर्ता गरी पाँऊ ।

## १. मृतकको विवरण

जन्म दर्ता नं. ______

नाम ______ थर ______

पूरा नाम थर (**In English**) ______

जन्म मिति (साल-महिना-गते) वि.सं. मा / / ई.सं. मा / /

मृत्यु भएको मिति (साल-महिना-गते) वि.सं. मा / / ई.सं. मा / /

**जन्म भएको ठेगाना**

जिल्ला ______ गा.वि.स./न.पा. ______ वडा नं. ______

सडक/ मार्ग ______ घर नं. ______ गाउँ/ टोल ______

मृत्युको भएको स्थानः घर ☐ अस्पताल ☐ अन्य ☐

## २. मृतकको ठेगाना

जिल्ला ______ गा.वि.स./न.पा. ______ वडा नं. ______

सडक/ मार्ग ______ घर नं. ______ गाउँ/ टोल ______

## ३. मृतकको ठेगाना (In English)

जिल्ला ______ गा.वि.स./न.पा. ______ वडा नं. ______

सडक/ मार्ग ______ घर नं. ______ गाउँ/ टोल ______

## ४. मृतकको विवरण

नागरिकता प्रमाणपत्र नं. ______ प्र.पत्र जारी जिल्ला ______

प्र.प.जारी मिति (साल-महिना-गते) / /

विदेशी भएमा देश र पासपोर्ट नं. ______

विदेशी भएमा देश र पासपोर्ट नं. (In English) ______

पूर्व वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐

उत्तीर्ण तह(शिक्षा) [ ] मातृभाषा [ ] धर्म [ ]

जात/ जाति [ ]

बाजेको नाम [ ] थर [ ]

बाजेको पूरा नाम थर (In English) [ ]

बाबुको नाम [ ] थर [ ]

बाबुको पूरा नाम थर (In English) [ ]

आमाको नाम [ ] थर [ ]

आमाको पूरा नाम थर (In English) [ ]

## ५. मृतक विवाहित भएमा

पति/पत्नी को नाम [ ] थर [ ]

पति/पत्नी को नाम थर (In English) [ ]

दुई वा सोभन्दा बढी पत्नी भएमा सबैको नाम उल्लेख गर्ने । (मृत्यु भएकाको समेत)

| क्र.सं. | नाम | क्र.सं. | नाम (In English) |
|---|---|---|---|
| | | | |

मृत्युको कारण [ ]

## ६. सूचकको विवरण

यसमा लेखिएको विवरण साँचो हो। झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने सूचकको विवरण

नाम [ ] थर [ ]

पूरा नाम थर (In English) [ ]

मृतकसँगको नाता [ ]

**ठेगाना**

जिल्ला [ ] गा.वि.स./न.पा. [ ]

वडा नं. [ ] सडक / मार्ग [ ] गाउँ / टोल [ ]

घर नं. [ ]

**नागरिकता (स्वदेशी भएमा)**

नागरिकता प्रमाणपत्र नं. [ ]

नागरिकता प्रमाणपत्र जारी मिति (साल-महिना-गते) [ / / ]

नागरिकता प्रमाणपत्र जारी जिल्ला [ ]

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम** [ ]

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम(In English)** [ ]

फाराम भरेको मिति (साल-महिना-गते) [ / / ]

दायाँ बायाँ

सूचकको सहिछाप

.................................



अनुसूची –४

(नियम ५ सँग सम्वन्धित)

# विवाहको सूचना फाराम

स्थानीय पञ्जिकाधिकारीले भर्ने

| | |
|---|---|
| अञ्चल | |
| जिल्ला | |
| गा.वि.स./न.पा. | |
| वडा नं. | |

| | | |
|---|---|---|
| स्थानीय पञ्जिकाधिकारीको नाम | | |
| स्थानीय पञ्जिकाधिकारीको नाम (In English) | | |
| कर्मचारी संकेत नं. | | |
| दर्ता नं. | | |
| फाराम दर्ता मिति (साल-महिना-गते) | वि.सं. | ई.सं. |
| परिवारको लगत फाराम नं. | | |

(सूचकले भर्ने)

श्री स्थानीय पञ्जिकाधिकारीज्यू,

................................गा.वि.स /न.पा.

.................................जिल्ला

महोदय,

निम्न लिखित विवरण खुलाई विवाहको सूचना दिन आएको छु । कानून अनुसार विवाह दर्ता गरी पाऊँ ।

## १. विवाहको विवरण

विवाहको किसिमः सामाजिक परम्परा अनुसार ☐ विवाह दर्ता ऐन, २०२८ अनुसार ☐

विवाह भएको मितिः (साल-महिना-गते) वि.सं. मा [ / / ] ई.सं. मा [ / / ]

**विवाह सम्पन्न भएको स्थान**

जिल्ला [ ] गा.वि.स./न.पा. [ ]

वडा नं. [ ] सडक / मार्ग [ ] गाउँ / टोल [ ]

घर नं. [ ]

विदेशमा विवाह भएमा ठेगाना [ ]

विदेशमा विवाह भएमा ठेगाना **(In English)** [ ]

## २. दुलहादुलहीको विवरण

| | दुलहाको विवरण | | दुलहीको विवरण | |
|---|---|---|---|---|
| नाम | | | | |
| थर | | | | |
| पूरा नाम (In English) | | | | |
| जन्म मिति (साल-महिना-गते) | | | | |
| जात/जाति | | | | |
| पूर्व वैवाहिक स्थिति | | | | |
| शिक्षाको स्तर (उत्तीर्ण तह) | | | | |
| पेशा | | | | |
| धर्म | | | | |
| मातृभाषा | | | | |
| **स्थायी ठेगाना** | **नेपालीमा** | **In English** | **नेपालीमा** | **In English** |
| जिल्ला | | | | |
| गा.वि.स./न.पा. | | | | |
| वडा नं. | | | | |

| | दुलहाको विवरण | | दुलहीको विवरण | |
|---|---|---|---|---|
| सडक / मार्ग | | | | |
| गाउँ / टोल | | | | |
| घर नं. | | | | |
| जन्म भएको देश | | | | |
| नागरिकता लिएको देश | | | | |
| नागरिकता प्रमाणपत्र नं. | | | | |
| प्रमाणपत्र जारी मिति (साल-महिना-गते) | | | | |
| नागरिकता प्रमाणपत्र जारी जिल्ला | | | | |
| विदेशी भएमा पासपोर्ट नं. र देशको नाम | | | | |
| ठेगाना (विदेशी भएमा) | | | | |
| विदेशी भएमा ठेगाना **(In English)** | | | | |
| बाजेको नाम थर (नेपालीमा) | | | | |
| बाजेको पूरा नाम थर **(In English)** | | | | |
| बाबुको नाम थर (नेपालीमा) | | | | |
| बाबुको पूरा नाम थर **(In English)** | | | | |
| आमाको नाम थर (नेपालीमा) | | | | |
| आमाको पूरा नाम थर **(In English)** | | | | |

## ३. सूचकको विवरण

**यसमा लेखिएको विवरण साँचो हो। झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने सूचकको विवरण**

दायाँ  बायाँ  दुलहाको सहिछाप ..................

दायाँ  बायाँ  दुलहीको सहिछाप ..................

**दम्पत्ती बाहेक अरु सूचक भएमा (अधिकृतनामा दिएको अवस्थामा)**

नाम ____ थर ____

पूरा नाम थर (In English) ____

**ठेगाना**

जिल्ला ____ गा.वि.स./न.पा. ____

वडा नं. ____ सडक / मार्ग ____ गाउँ / टोल ____

घर नं. ____

**नागरिकता (स्वदेशी भएमा)**

नागरिकता प्रमाणपत्र नं. ____

नागरिकता प्रमाणपत्र जारी मिति (साल-महिना-गते) / /

नागरिकता प्रमाणपत्र जारी जिल्ला ____

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम** ____

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम (In English)** ____

फाराम भरेको मिति (साल-महिना-गते) / /

दायाँ  बायाँ

सूचकको सहिछाप

.................................



अनुसूची–५

(नियम ५ सँग सम्वन्धित)

# सम्बन्ध बिच्छेदको सूचना फाराम

स्थानीय पञ्जिकाधिकारीले भर्ने

| | |
|---|---|
| अञ्चल | |
| जिल्ला | |
| गा.वि.स./न.पा. | |
| वडा नं. | |

| | | |
|---|---|---|
| स्थानीय पञ्जिकाधिकारीको नाम | | |
| स्थानीय पञ्जिकाधिकारीको नाम (In English) | | |
| कर्मचारी संकेत नं. | | |
| दर्ता नं. | | |
| फाराम दर्ता मिति (साल-महिना-गते) | वि.सं. | ई.सं. |
| परिवारको लगत फाराम नं. | | |

(सूचकले भर्ने)

श्री स्थानीय पञ्जिकाधिकारीज्यू,

.................................गा.वि.स. /न.पा.

.................................जिल्ला

महोदय,

निम्न लिखित विवरण खुलाई सम्बन्ध बिच्छेदको सूचना दिन आएको छु । कानून अनुसार सम्बन्ध बिच्छेदको दर्ता गरी पाऊँ ।

## १. सम्बन्ध बिच्छेद सम्बन्धी विवरण

सम्बन्ध बिच्छेदको निर्णयगर्ने अदालतको किसिमः जिल्ला अदालत ☐ पुनरावेदन अदालत ☐ सर्वोच्च अदालत ☐

जिल्ला ____

अदालतको निर्णय नम्बर ____

अदालतको निर्णय मिति (साल-महिना-गते) / /

विवाह दर्ता नं. ____

## २. पति पत्नीको विवरण

| | पतिको विवरण | | पत्निको विवरण | |
|---|---|---|---|---|
| नाम | | | | |
| थर | | | | |
| पूरा नाम थर **(In English)** | | | | |
| जन्म मिति (साल-महिना-गते) | | | | |
| जन्म दर्ता नं. | | | | |
| जात/ जाति | | | | |
| जन्म भएको देश | | | | |
| नागरिकता लिएको भए प्रमाण पत्र नं. | | | | |
| नागरिकता प्रमाणपत्र जारी जिल्ला | | | | |
| नागरिकता प्रमाणपत्र जारी मिति | | | | |
| विदेशी नागरीक भएमा पासपोर्ट नं., देश र जारी मिति | | | | |
| विदेशी नागरीक भएमा पासपोर्ट नं., देश र जारी मिति **(In English)** | | | | |
| सम्बन्ध बिच्छेद हुनु अगाडिको ठेगाना | नेपालीमा | **In English** | नेपालीमा | **In English** |
| जिल्ला | | | | |
| गा.वि.स./न.पा. | | | | |
| वडा नं. | | | | |
| सडक/ मार्ग | | | | |
| गाउँ/ टोल | | | | |
| घर नं. | | | | |
| शिक्षाको स्तर (उत्तीर्ण तह) | | | | |

| | पतिको विवरण | पत्निको विवरण |
|---|---|---|
| धर्म | | |
| मातृभाषा | | |
| बाजेको नाम थर | | |
| बाजेको पूरा नाम थर (In English) | | |
| बाबुको नाम थर | | |
| बाबुको पूरा नाम थर (In English) | | |
| आमाको नाम थर | | |
| आमाको पूरा नाम थर (In English) | | |
| विवाह भएको मिति (साल-महिना-गते) | वि.सं. मा | ई.सं. मा |
| वैवाहिक सम्बन्धबाट पाएको सन्तान सङ्ख्या | | |
| हालसम्म जीवित सन्तान सङ्ख्या | | |
| आमा बाबुसँग बसेको सङ्ख्या/ | | |
| छोरा | | |
| छोरी | | |
| अन्य व्यक्तिसँग बसेको छोराको सङ्ख्या | | |
| अन्य व्यक्तिसँग बसेको छोरीको सङ्ख्या | | |

## ३. सूचकको विवरण

**यसमा लेखिएको विवरण साँचो हो। झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने सूचकको विवरण**

नाम ______ थर ______

पूरा नाम थर (In English) ______

सम्वन्ध विच्छेदकर्तासँगको नाता ______

**ठेगाना**

जिल्ला ______ गा.वि.स./न.पा. ______

वडा नं. ______ सडक / मार्ग ______ गाउँ / टोल ______

घर नं. ______

**नागरिकता (स्वदेशी भएमा)**

नागरिकता प्रमाणपत्र नं. ______

नागरिकता प्रमाणपत्र जारी मिति (साल-महिना-गते) / /

नागरिकता प्रमाणपत्र जारी जिल्ला ______

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम** ______

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम** (In English) ______

फाराम भरेको मिति (साल-महिना-गते) / /

दायाँ बायाँ

सूचकको सहिछाप

.................................



अनुसूची–६

(नियम ५ सँग सम्वन्धित)

# बसाई सराईको सूचना फाराम

स्थानीय पञ्जिकाधिकारीले भर्ने

| | |
|---|---|
| अञ्चल | |
| जिल्ला | |
| गा.वि.स./न.पा. | |
| वडा नं. | |

| | | |
|---|---|---|
| स्थानीय पञ्जिकाधिकारीको नाम | | |
| स्थानीय पञ्जिकाधिकारीको नाम (In English) | | |
| कर्मचारी संकेत नं. | | |
| फाराम दर्ता नं. | | |
| फाराम दर्ता मिति (साल-महिना-गते) | वि.सं. | ई.सं. |
| परिवारको लगत फाराम नं. | | |

(सूचकले भर्ने)

श्री स्थानीय पञ्जिकाधिकारीज्यू,

................................गा.वि.स./न.पा.

.................................जिल्ला

महोदय,

निम्न लिखित विवरण खुलाई बसाई सराईको सूचना दिन आएको छु । कानून अनुसार बसाई सराई दर्ता गरी पाँऊ ।

## १. कहाँ सरी जाने ठेगाना

जिल्ला ______ गा.वि.स./न.पा. ______ वडा नं. ______

सडक/ मार्ग ______ घर नं. ______ गाउँ/ टोल ______

## कहाँ सरी जाने ठेगाना (In English)

जिल्ला ______ गा.वि.स./न.पा. ______ वडा नं. ______

सडक/ मार्ग ______ घर नं. ______ गाउँ/ टोल ______

## २. कहाँबाट सरी आएको ठेगाना

सरि आएको दर्ता नं. ______

जिल्ला ______ गा.वि.स./न.पा. ______ वडा नं. ______

सडक/ मार्ग ______ घर नं. ______ गाउँ/ टोल ______

## कहाँबाट सरी आएको ठेगाना (In English)

सरि आएको दर्ता नं. ______

जिल्ला ______ गा.वि.स./न.पा. ______ ______

सडक/ मार्ग ______ घर नं. ______ गाउँ/ टोल ______

बसाई सराई गर्ने घरमुलीको नाम ______ थर ______

बसाई सराई गर्ने घरमुलीको पूरा नाम (In English) ______

बसाई सराईको मिति (साल-महिना-गते) वि.सं. मा / / ई.सं. मा / /

बसाई सराईको कारणः नोकरी ☐ व्यापार व्यावसाय ☐ घर बास ☐ अन्य ☐

## ३. बसाई सराईगरी जाने व्यक्तिको विवरण

| क्र.स. | जन्म दर्ता नं. | पुरा नाम थर | जन्म मिति (साल/ महिना / गते) | जन्म स्थान | लिङ्ग | नागरीकता प्रमाणपत्र | | | अन्य घटना दर्ता भए नभएको खुलाउने | सूचक सँगको नाता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नं. | जारी मिति | जिल्ला | | |
| १ | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |

| क्र.स. | जन्म दर्ता नं. | पुरा नाम थर | जन्म मिति (साल/महिना/गते) | जन्म स्थान | लिङ्ग | नागरिकता प्रमाणपत्र | | | अन्य घटना दर्ता भए नभएको खुलाउने | सूचक सँगको नाता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नं. | जारी मिति | जिल्ला | | |
| २ | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| (In English) | | | | | | | | | | |

**यसमा लेखिएको विवरण साँचो हो। झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने सूचकको विवरण ।**

नाम ______ थर ______

पूरा नाम थर (In English) ______

**ठेगाना**

जिल्ला ______ गा.वि.स./न.पा. ______

वडा नं. ______ सडक / मार्ग ______ गाउँ / टोल ______

घर नं.

**नागरिकता (स्वदेशी भएमा)**

नागरिकता प्रमाणपत्र नं. ______

नागरिकता प्रमाणपत्र जारी मिति (साल-महिना-गते) / /

नागरिकता प्रमाणपत्र जारी जिल्ला ______

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम** ______

**विदेशी भएमा पासपोर्ट नं. र देशको नाम (In English)** ______

फाराम भरेको मिति (साल-महिना-गते) / /

दायाँ बायाँ

सूचकको सहिछाप

.................................



पृष्ठ नं :

अनुसूची–७

(नियम ६ सँग सम्बन्धित)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**

**..........गाउँ विकास समिति/नगरपालिका**

**............जिल्ला**

## जन्म दर्ताको किताव

| दर्ता नं. | दर्ता मिति | नाम थर | जन्म मिति | लिङ्ग | जन्म स्थान | वाजे को नाम थर | वावु/आमाको विवरण (क) वावु (ख) आमा | | | | | सूचकको नाम, ठेगाना र ना.प्र.नं. र जिल्ला | प्रमाणपत्र बुझ्नेको सहि र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारी को नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नाम | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता | नागरिकता लिएको भए प्र.प.नं. जारी मिति र जिल्ला | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १४ | १५ | १६ | १७ |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |

अनुसूची–८
नियम ६ सँग सम्बन्धित)

पृष्ठ नं :

**नेपाल सरकार**
**स्थानीय विकास मन्त्रालय**
**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**
**..........गाउँ विकास समिति/नगरपालिका**
**.............जिल्ला**

## मृत्यु दर्ताको किताव

| दर्ता नं. | दर्ता मिति | मृतकको विवरण | | | | | | | | | | | सूचकको नाम, ठेगाना र ना.प्र.प..नं. र जिल्ला | प्रमाणपत्र बुझि लिनेको सही र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारी को नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम थर | मृत्यु भएको मिति | उमेर | लिङ्ग | नागरिकता लिएको भए प्र.प.नं. जारी मिति र जिल्ला | मृत्यु भएको स्थान | स्थायी ठेगाना | अस्थायी ठेगाना | वाजेको नाम थर | वावुको नाम थर | पति/पत्नीको नाम थर | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |



अनुसूची–९
( नियम ६ सँग सम्बन्धित)

पृष्ठ नं. :

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**
**..........गाउँ विकास समिति/नगरपालिका**
**.............जिल्ला**

## विवाह दर्ताको किताव

| दर्ता नं. | दर्ता मिति | विवाह भएको मिति | विवाह भएको स्थान | दुलहा दुलहीको विवरण | | | | | | | सूचकको नाम र ठेगाना | प्रमाणपत्र बुझिलिनेको सहि र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क. दुलहा | | | | | | ख. दुलही | | | | |
| | | | | नाम | जन्म मिति | वाजेको नाम थर | वावुको नाम थर | ठेगाना | नागरिकता | नागरिकता लिएको भए प्र.प.नं. जारी मिति र जिल्ला | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | क | | | | | | | | | | |
| | | | | ख | | | | | | | | | | |
| | | | | क | | | | | | | | | | |
| | | | | ख | | | | | | | | | | |
| | | | | क | | | | | | | | | | |
| | | | | ख | | | | | | | | | | |
| | | | | क | | | | | | | | | | |
| | | | | ख | | | | | | | | | | |
| | | | | क | | | | | | | | | | |
| | | | | ख | | | | | | | | | | |

नोटः ठेगाना र नागरिकताको महलमा बाबु बाजेको उल्लेख गर्नु नपर्ने ।

अनुसूची–१०
(नियम ६ सँग सम्बन्धित)

पृष्ठ नं. :

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**
**..........गाउँ विकास समिति/नगरपालिका**
**.............जिल्ला**
**सम्बन्ध विच्छेदको दर्ता किताव**

| दर्ता नं. | दर्ता मिति | सम्बन्ध विच्छेद ठहर गर्ने अदालतको नाम र मिति | क. पति ख. पत्नी | | | | वाजेको नाम, थर | वावुको नाम, थर | विवाह भएको मिति | सूचकको नाम र ठेगाना | नागरिकता लिएको भए प्र.प.नं. जारी मिति र जिल्ला | प्रमाणपत्र बुझिलिनेको सहि र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम थर | जन्म मिति | ठेगाना | | | | | | | | | |
| | | | | | स्थायी | अस्थायी | | | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | क | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | |



अनुसूची –११
(नियम ६ सँग सम्बन्धित)

पृष्ठ नं. :

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**
**..........गाउँ विकास समिति/नगरपालिका**
**.............जिल्ला**
**बसाई सराईको दर्ता किताव**

| दर्ता नं. | दर्ता मिति | बसाई सराइँ सरी गएको/आए को मिति | बसाई सराई गर्ने परिवार वा व्यक्तिको नाम थर | सूचकसंग को नाता | जन्म मिति | लिङ्ग | जन्म भएको स्थान | हालको स्थायी ठेगाना | बसाइँ सरी जाने स्थान | बसाइँ सरी आएको स्थान | नागरिकता लिएको भए ना.प्र.प. नं.जारी मिति र जिल्ला | सूचकको नाम | प्रमाणपत्र बुझ्नेको सहि र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारी को नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| | | | | | | | | | | | | | | | |

*नोटः : परिवारका सदस्यहरुको अन्य घटना दर्ता भए नभएको कैफियतमा खुलाउनु पर्ने*

अनुसूची-१२
(नियम ७ सँग सम्बन्धित)
नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**

## ............गाउँ विकास समिति/नगरपालिका

## ............जिल्ला

## जन्म दर्ता प्रमाणपत्र

दर्ता नम्बरः ............................ दर्ता मितिः ..........-.....-.....

पारिवारिक लगत फाराम नः ................

यस कार्यालयमा खडा गरिएको जन्म दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री/श्रीमती ......................ले भरेको अनुसूची-२ को सूचना फाराम बमोजिम श्री ......................को नाति/नातिनी, ......... जिल्ला .......... गाउँ विकास समिति/नगरपालिका वार्ड नं. ... मा बस्ने श्री ...................... तथा श्रीमती ......................को छोरा/छोरी श्री/सुश्री ......................को मिति वि.सं. ......-.....-.... (........-....-.... ई.सं.) मा जन्म भएको हो ।

नागरिकता लिएको भए
नागरिकता प्रमाणपत्र नं.,जारी मिति र जिल्ला
क.बाबुको: ........ ......-...-.............., .....................
ख.आमाको: ........ ......-...-.............., .....................

स्थानीय पञ्जिकाधिकारीको
सहीः
नाम थरः-.............................
मितिः .................-.......-.......

Schedule-12
(Related with Rule 7)
Government of Nepal
Ministry of Federal Affairs and Local Development

## Office of Local Registrar

......................VDC/Municipality
............................ District

## **Birth Registration Certificate**

Registration No.: .................... Date of Registration: ............-......-......
Family Record Form No: .........................

This is to certify, as per the birth register maintained at this office and the information provided by Mr./Mrs ............................... in the information from of schedule 2, that Mr./Miss................................. ...., son/daughter of Mr. ............................... and Mrs. ..............................., grandson/granddaughter of Mr. / Mrs.........................., a resident of Ward No. ..........., ...............Village Development Committ ee/Municipality, ......................... District, was born on................-......-........ BS (............-.......-....... AD) at.........................

Date, District and Citizenship Certificate No. if Citizenship Certificate is issued to:

A. Father: .......-......-......, ,..........,  ...............
B. Mother:  ........-...-......, ..........,  .................

Local Registrar's:
Signature:
Name and surname: ................



अनुसूची-१३
(नियम ७ सँग सम्बन्धित)
नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**

## ............ गाउँ विकास समिति/नगरपालिका

## ............जिल्ला

## मृत्यु दर्ताको प्रमाणपत्र

दर्ता नम्बरः ............................ दर्ता मितिः .............-......-......

पारिवारिक लगत फाराम नः ................

यस कार्यालयमा खडा गरिएको मृत्यू दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री/श्रीमति...........................ले भरेको अनुसूची-३ को सूचना फाराम बमोजिम श्री ...........................को नाति/नातिनी श्री ....................................को छोरा/छोरी श्री ............................................को पति/पत्नि ............................. जिल्ला ................. गाउँ विकास समिति/नगरपालिका वार्ड नं. .... मा बस्ने वर्ष ..... को श्री/श्रीमति .....................को मिति वि.सं. .........-.....-..... (..........-.....-.... ई.सं.) गते ..................... गाउँ विकास समिति/नगरपालिका वडा नं. .... मा मृत्यू भएको हो ।

नागरिकता लिएको भए मृतकको
नागरिकताको प्रमाणपत्र नं :.........................
जारी मिति र जिल्ला : ......-...-............................

स्थानीय पञ्जिकाधिकारीको
सहीः
नाम थरः- ................
मितिः ......-...-...

**Schedule-13**
(Related with Rule 7)
Government of Nepal
Ministry of Federal Affairs and Local Development

## Office of Local Registrar

......................VDC/Municipality
............................ District

## **Death Registration Certificate**

Registration No.: ............... Date of Registration:-...........-.....-....
Family Record Form No: .........................

This is to certify, as per the death register maintained at this office and the information provided by Mr./Mrs. .......................................... in the information from of schedule 3, that Mr./Miss/Ms............... ....................., aged....., son/daughter of Mr./Mrs. .................................., grandson/granddaughter of Mr./Mrs. ....................., Husband/Wife of Mr./Mrs. ...................., a resident of Ward No. ............., ......... ..........................Village Development Committee/Municipality, ....................District, died on................ BS(.............-.....-....AD).

If Citizenship Certificate is issued to the deceased:
His/Her Citizenship Certificate No: .........................
Date and District of issuance: ............-...........-.......

Local Registrar's:
Signature:
Name and surname: .........................
Date: ................-..............-......

अनुसूची-१४
(नियम ७ सँग सम्बन्धित)
नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**

........................ **गाउँ विकास समिति/नगरपालिका**

........................**जिल्ला**

## विवाह दर्ताको प्रमाणपत्र

दर्ता नम्बरः ..........................  दर्ता मितिः .........-......-......

पारिवारिक लगत फाराम नः ...............

यस कार्यालयमा खडा गरिएको विवाह दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री ....................तथा श्रीमती ....................ले भरेको अनुसूची-४ को सूचना फाराम बमोजिम श्री ....................को नाति श्री ....................को छोरा ...................., जिल्ला .................... गाउँ विकास समिति/नगरपालिका वार्ड नं. .... मा बस्ने बर्ष .... को श्री .................... सँग .................... को नातिनी श्री .............................. .को छोरी .................... जिल्ला ......... नगरपालिका वार्ड नं. ...... मा बस्ने बर्ष .... की ....................को मिति वि. स. .........-....-.... (.....-...-... ई.सं.) मा सामाजिक परम्परा/बिबाह दर्ता ऐन, २०२८ अनुसार विवाह भएको हो ।

नागरिकता लिएको भए
नागरिकता प्रमाणपत्र नं.,जारी मिति र जिल्ला
क.दुलाहाः ........ ......-....-............
ख.दुलहीः ........ ......-....-............

स्थानीय पञ्जिकाधिकारीको
सहीः
नाम थरः-..................................
मितिः ..................-..........-..........

**Schedule-14**
(Related with Rule 7)
Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of Local Registrar
......................VDC/Municipality
............................ District

## Marriage Registration Certificate

Registration No.: ................  Date of Registration:-........-.......-......

Family Record Form No: .........................

This is to certify, as per the marriage register maintained at this office and the information provided by Mr. ............. and Mrs. .............................. in the information from of schedule 4, that Mr. ................., aged............., son of Mr. ........................, grandson of Mr. ............................., a resident of Ward No. ..............., .............Village Development Committee/ Municipality, ...................District, married Miss. ......................, aged ........, daughter of Mr. ......................, granddaughter of Mr...................., a resident of Ward No. .................Village Development Committee/Municipality, ...................District, on... ..........-...........-................ B.S. (..............-..........-.............A.D.) in accordance with the social customs/marriage .registration act, 2028.

Date, District and Citizenship Certificate No. if Citizenship Certificate is issued to:

A. Bride............., ...............-.......-.........., ................
B. Bridegroom: ........., ..........-........-........., .................

Local Registrar's:
Signature:
Name and surname:.................
Date: ..............-..........-..........



अनुसूची-१५
(नियम ७ सँग सम्बन्धित)
नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**

**.......................गाउँ विकास समिति/नगरपालिका**

**.......................जिल्ला**

## सम्बन्ध बिच्छेद दर्ताको प्रमाणपत्र

दर्ता नम्बरः ..........................  दर्ता मितिः .........-......-.......

पारिवारिक लगत फाराम नः ...............

यस कार्यालयमा खडा गरिएको सम्बन्ध बिच्छेद दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री/श्रीमती ..........................ले भरेको अनुसूची-५ को सूचना फाराम बमोजिम श्री ................................ को नाति श्री ..........................को छोरा .................... जिल्ला ................. नगरपालिका वार्ड नं. ....... मा बस्ने बर्ष .... को श्री .................... सँग श्री ..................को नातिनी श्री ..................को छोरी .................... जिल्ला .................... गाउँ विकास समिति /नगरपालिका वार्ड नं. .... मा बस्ने बर्ष ..... को श्रीमती ....................को ............अदालतको मिति .....-.....-..... को आदेश अनुसार दाम्पत्य सम्बन्ध बिच्छेद भएको हो ।

नागरिकता लिएको भए
नागरिकता प्रमाणपत्र नं.,जारी मिति र जिल्ला
क.पतिकोः ......................-...-............

स्थानीय पञ्जिकाधिकारीको
सहीः
नाम थरः-...............

**Schedule-15**
(Related with Rule 7)
Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of Local Registrar
......................VDC/Municipality
............................ District

## Divorce Registration Certificate

Registration No.: ...................  Date of Registration:-.......... -.....-......

Family Record Form No: .........................

This is to certify, as per the divorce register maintained at this office and the information provided by Mr./Mrs. ........................ in the information from of schedule 5, that the marital relationship between Mr. ..........., aged ........, son of Mr. ........., grandson of Mr......................., a resident of Ward No. .....,. ..............Village Development Committee/Municipality, ...................District and Mrs. .................., aged......., daughter of Mr. ......................., granddaughter of Mr...................., a resident of Ward No. ....., ........Village DevelopmentCommittee/Municipality, ...................District, was terminated on as per the Judgment of the ...........Court, dated...........-........-.............B.S. (..........-........-..........A.D.).

Date, District and Citizenship Certificate No. if Citizenship Certificate is issued to:

A. Husband: .........., ..........-.......-..........,......
B. Wife:........., ...........-........-..........., ..........

Local Registrar's:
Signature:
Name and surname: .................
Date: ............-...............-............

अनुसूची-१६
(नियम ७ सँग सम्बन्धित)
नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**
**........................गाउँ विकास समिति/नगरपालिका**
**........................जिल्ला**

## बसाई सराई दर्ताको प्रमाणपत्र

दर्ता नम्बरः ............................ दर्ता मितिः ..........-.....-.....
पारिवारिक लगत फाराम नः ................

यस कार्यालयमा खडा गरिएको बसाई सराई दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री ...............ले भरेको अनुसुची-६ को बसाई सराईको सूचना फाराम बमोजिम ...............जिल्ला ............... गाउँ विकास समिति/नगरपालिका वडा नं. ......मा बस्ने श्री ................. निम्न लिखित परिवार सहित मिति .........-...-...मा ................जिल्ला............ गाउँ विकास समिति/नगरपालिका वडा नं. .... मा बसाई सरी आएको / गएको हो ।

| क्र.स. | नाम थर | जन्म मिति | सूचक संगको नाता | घटना दर्ता भए नभएको खुलाउने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सूचकले नागरिकता लिएको भए
नागरिकता प्रमाणपत्र नं. ...............
जारी मिति र जिल्ला ........ ......-...-... ..........

स्थानीय पञ्जिकाधिकारीको
सहीः
नाम थरः-.................
मितिः ......-...-...

**Schedule-16**
(Related with Rule 7)
Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of Local Registrar
......................VDC/Municipality
............................ District

## Migration Registration Certificate

Registration No.: ................... Date of Registration:-…..........-.........-........
Family Record Form No: .......................

This is to certify, as per the migration register maintained at this office and the information provided by Mr./Mrs. ........... ................... in the information from of schedule 6, the informant Mr./Mrs. ............................., a resident of Ward No. ... .., .......................Village Development Committee/Municipality, ....................District, with the following members of the family, in migrated/out migrated to Ward No. .............., .................Village Development Committee/ Municipality, ........ ............District.

| S.N. | Name and surname | Date of Birth | Relationship with the Informant | Vital Events Registration Mentioned or Not | Remarks |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

If Citizenship Certificate is issued to the informant:
Citizenship Certificate No: ...........................................
Date and District of Issuance: ...........-.........-..........

Local Registrar's:
Signature:
Name and surname: ...........................
Date: ............-.............-...............



# व्यक्तिगत घटना दर्ता सम्बन्धमा भएका निर्देशन तथा परिपत्रहरु

**१. जन्म दर्ता**

**(क) जन्म दर्ता सम्बन्धमा सर्वोच्च अदालतबाट मिति २०६२।५।३० मा भएको परमादेश**

सर्वोच्च अदालतको सम्वत् २०६० सालको रिट नं. १२१ मा माननीय न्यायाधिशहरु श्री अनुपराज शर्मा, शारदाप्रसाद पण्डित र अर्जुनप्रसाद सिंहको विशेष इजलासबाट बालबालिकाको जन्म दर्ता गर्ने सम्बन्धमा मिति २०६२/५/३० मा भएको देहाय बमोजिमको आदेश कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानून शाखाको मिति २०६२/८/९ को च.नं. २११ को पत्र तथा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, तर्जुमा शाखाको मिति २०६२/१०/४ को च.नं. ८६ को पत्रबाट लेखी आएको हुँदा सबै पञ्जिकाधिकारीहरुलाई आदेश कार्यान्वयन गर्ने विषयमा निर्देशन भएको छ ।

(१) व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (क) मा रहेको "जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको पुरुषहरुमध्ये सबैभन्दा जेठो व्यक्तिले" भन्ने वाक्यांश रहेको "पुरुषहरुमध्ये" भन्ने वाक्यांश संविधानको धारा १३१ अनुसार निष्कृय हुने ठहर्छ ।
**अतः उक्त दफाबाट सो वाक्यांश झिकिएपछि परिवारको उमेर पुगेको सबैभन्दा जेठो व्यक्तिले सूचक भई जन्म तथा मृत्युको घटना दर्ता गराउन सक्ने ।**

(२) वादी समुदायका बालबालिकाहरु लगायत बाबुको ठेगान नलागेको सबै बालबालिकाहरुलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरुको जन्म दर्ता गर्न इन्कार नगर्नु ....... ।
**अतः बाबुको ठेगान नलागेको बालबालिकाको जन्म दर्ता गर्न सूचना फारामको बाबुको विवरणको महलमा ठेगान नभएको व्यहोरा लेखि आमाले सूचक भई जन्मको घटना दर्ता गर्न सक्ने ।**

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६२/१०/१३ को परिपत्र)**

**(ख) तिब्बती शरणार्थीका बालबालिकाको जन्म दर्ता सम्बन्धमा भएको परिपत्र :**

तिब्बती शरणार्थी परिचय-पत्र पाईसकेका तिब्बती शरणार्थीहरुको परिचय-पत्रमा उल्लिखित नाबालक सन्तानहरु तथा बाबु आमाले परिचय-पत्र पाईसकेपछि जन्म भएका निजका सन्तानहरुको लगत राख्न स्थानीय विकास मन्त्रालयले स्थानीय पञ्जिकाधिकारीहरुको कार्यालयलाई निर्देशन दिने भनी नेपाल सरकार (मं.प.) बाट मिति २०६०/६/२६ मा निर्णय भएको हुँदा देहाय अनुसारका स्थानीय पञ्जिकाधिकारीहरुलाई निर्णयानुसार लगत राख्न लगाई सो को एकप्रति सम्बन्धित जिल्ला प्रशासन कार्यालय र एकप्रति यस मन्त्राललयमा उपलब्ध गराई दिने व्यवस्था समेतका लागि निर्देशन दिने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ भनी गृह मन्त्रालय शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय इकाई सिंहदरवारको B370/2003 मिति २०६०/६/२९ को पत्रबाट अनुरोध भई आएको सम्बन्धमा पेश

हुँदा सोही बमोजिम लगत राखि एकप्रति जिल्ला प्रशासन कार्यालय र एकप्रति गृह मन्त्रालयको सम्बन्धित शाखामा नियमित रुपमा पठाउन स्थानीय पञ्जिकाधिकारीहरुलाई निर्देशन दिने गरी मिति २०६०/७/१९ मा नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भएको छ ।

**तिब्बती शरणार्थीहरु रहेका जिल्लाको विवरण :**
ताप्लेजुङ्ग, इलाम, संखुवासभा, दोलखा, सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर, काठमाडौं, रसुवा, सोलुखुम्बु, गोरखा, कास्की, तनहुँ, मनाङ्ग, मुस्ताङ्ग, बाग्लुङ्ग, नवलपरासी, डोल्पा, जुम्ला, हुम्ला र दार्चुला-२१ जिल्ला

**(स्थानीय विकास मन्त्रालयको मिति २०६०/७/२५ को परिपत्र)**

**(ग) जन्म दर्तामा मावली बाजे सूचक बन्न सक्ने वा नसक्ने सम्बन्धमा भएको परिपत्र**

कोरियन नागरिक जोङ्ग सोङ्गहो र नेपाली नागरिक कञ्चन लामा बीच २०६० सालमा विवाह भई निजहरुको तर्फबाट मिति २०६४।१।२४ मा छोरा बादा जङ्गको स्तुपा सामुदायिक अस्पताल, बौद्ध काठमाडौंमा जन्म भएको र हाल बच्चाको बाबु आमा दुवै कोरियामा रहेको हुँदा बाबु विदेशी र आमा नेपाली नागरिकबाट जन्मेको बच्चाको जन्म दर्ता मावली बाजेले सूचक भई जन्म दर्ता गर्न मिल्छ मिल्दैन भनी निर्देशन माग भै आएकाले सो सम्बन्धमा कारवाही हुँदा "मावली पट्टीका हजुरबुबालाई परिवारको सदस्यका रुपमा लिन मनासिव नहुने भएकोले मावली तर्फबाट सूचक हुन मिल्ने नदेखिएकोले सोही बमोजिम लेखी पठाउने" भनी मिति २०६४।१०।२३ मा नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भएकोछ ।

**(स्थानीय विकास मन्त्रालयको मिति २०६४/१०/२४ को परिपत्र)**

**(घ) लिङ्ग नछुट्टिएका बच्चाहरुको जन्म दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्था :**

महिला र पुरुष दुवैको अङ्ग भएको सन्तान जन्मेको र चिकित्सकहरुबाट प्रमाणित कागजातहरुमा समेत दुवै लिङ्ग भएको भन्ने उल्लेख भएको हुँदा बच्चाको जन्म दर्ता गरि पाउन र निजको पछि लिङ्ग एउटै मात्र कायम हुन गएमा सोही अनुसार जन्म दर्तामा लिङ्ग कायम गरी नाम समेत संशोधन गर्न निजले चाहेमा सो अधिकार समेत कायम गरिदिनुहुन भनी बारा जिल्ला बलिरामपुर ९ का बच्चाको बाबु मदनप्रसाद कुर्मीले मिति २०६४/३/४ मा स्थानीय विकास मन्त्रालयमा निवेदन दिनु भएको र उक्त निवेदन माथि कारवाही हुँदा जन्म दर्ता गर्न पाउनु बालकको अधिकार भएको हुनाले बाबुले सूचना फाराममा लेखिएको नाम राखि लिङ्गको हकमा महिला र पुरुष दुवै अङ्ग भएको व्यहोरा कैफियतमा उल्लेख गरी जन्म दर्ता गरिदिने र आधुनिक चिकित्सा पद्धतिबाट कुनै एउटा लिङ्ग मात्रै कायम हुन सकेको खण्डमा सम्बन्धित अस्पताल वा स्वीकृत चिकित्सकको प्रमाणपत्रको आधारमा जन्म दर्ताको विवरणमा लिङ्ग उल्लेख गर्न र लिङ्गको आधारमा नाम समेत परिवर्तन गर्नुपर्ने भएमा



नाम समेत परिवर्तन गर्न सक्ने गरी स्थानीय पञ्जिकाधिकारीलाई निर्देशन दिने भनी नेपाल सरकार (मन्त्रिस्तर) बाट मिति २०६४/३/७ मा निर्णय भएको छ ।

**(स्थानीय विकास मन्त्रालयको मिति २०६४/३/१० को परिपत्र)**

**(ङ) विदेशमा जन्मी बाबुको पत्ता नलागेको नेपाली आमाबाट जन्मेको बच्चाको जन्म दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्था:**

का.म.पा. १९ स्थायी ठेगाना भएकी तुल्सी देवी शाहीको छोरा रोहित शाहीको जन्म बेल्जियममा भएको बच्चाको बाबु बाजेको नाम ठेगाना समेत थाहा नभएको अवस्थामा जन्म दर्ता गर्न मिल्ने/नमिल्ने विषयमा निर्देशनको लागि माग भई आएको सन्दर्भमा आवश्यक कारवाही भई कानून तथा न्याय मन्त्रालयको राय माग गरिएकोमा उक्त मन्त्रालयको प.सं. ०६७/६८, च.नं. १५, मिति २०६७/६/४ को पत्रबाट देहाय अनुसारको राय प्राप्त हुन आएकोले जन्म दर्ता सम्बन्धी आवश्यक कारवाही हुन काठमाडौं महानगरपालिकालाई लेखि पठाइएको ।

"जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची-२ अन्तर्गत बच्चाको जन्म सम्बन्धी सूचना दर्ता गराउन कर्तव्य भएको व्यक्तिले भर्नुपर्ने फाराममा अन्य कुराको अतिरिक्त बच्चाको बाबु बाजेको नाम समेत उल्लेख गर्नुपर्ने भए तापनि कतिपय अवस्थामा नवजात शिशुको बाबु बाजे थाहा नहुने अवस्था पनि सृजना हुन सक्ने भएकोले त्यस्तो अवस्थामा फाराममा सो विवरण उल्लेख गर्न नसक्ने स्थिति आउन सक्छ ।

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ बमोजिम स्वदेश तथा विदेश जहाँसुकै जन्मिएको व्यक्तिको नेपालभित्र दर्ता हुन सक्ने भएकोले बच्चा दर्ता सम्बन्धी फाराममा उल्लेख गर्न नसकिने किसिमको कुनै विवरण उल्लेख नभएतापनि सो ऐन तथा नियमावलीको रित पुऱ्याई भरेको फारामको आधारमा विदेशमा जन्मिएको शिशु कानून सम्मत ढंगबाट नेपाल प्रवेश गरेको भए सो को अभिलेख स्थानीय पञ्जिकाधिकारीले राखी त्यस्तो शिशु विदेशमा जन्मिएको कुरा (मुलुक, स्थान र जन्म मिति) स्पष्ट रुपमा खुलाई व्यक्तिगत घटनाको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्तिले दिएको सूचना बमोजिमको विवरण सहित कानून बमोजिम जन्म दर्ता गर्न नमिल्ने देखिदैन ।"

**(स्थानीय विकास मन्त्रालयको मिति २०६७/६/१४ को पत्र)**

**(च) धर्मपुत्र पुत्रीको जन्म दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्था:**

चितवन जिल्ला, तत्कालीन पञ्चकन्या गा.वि.स.-७ घर भई पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा बेवारिसे अवस्थामा फेला परेको नाबालिकालाई मालपोत कार्यालय कास्कीबाट धर्मपुत्री पारित गरेकोले सूचक भई उक्त धर्मपुत्रीको जन्म दर्ता गर्न मिल्छ वा मिल्दैन भनी निर्देशन माग भई आएको सन्दर्भमा कानून तथा न्याय मन्त्रालयमा राय माग गरिएकोमा "बेवारिसे नाबालिकालाई निवेदिका सुश्री रचना देवी गुरुङ्गले कानून बमोजिम धर्मपुत्री राखेको र त्यसरी राखिएको धर्मपुत्री नेपाल

कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (म१) मा भएको व्यवस्था बमोजिम छोरी सरह हुने देखिन्छ । जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (क) मा जन्मको सूचना परिवारको मुख्य व्यक्तिले स्थानीय पञ्जिकाधिकारी कार्यालयमा दिन सक्ने व्यवस्था गरेको र निज नाबालिकाको हकमा निवेदिका नै परिवारको मुख्य व्यक्ति मान्नुपर्ने हुँदा निज निवेदिकाले दिएको सूचनाको आधारमा त्यस्तो धर्मपुत्रीको जन्म दर्ता गर्न कानूनतः बाधा हुने देखिंदैन ।"

**(स्थानीय विकास मन्त्रालयको मिति २०६६/६/१४ को परिपत्र)**

**(छ) कारागारमा रहेका बालबालिकाको जन्म दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्था:**

बालबालिकाको जन्म दर्ता गर्ने विषय बालअधिकारसँग सम्बन्धित भएकोले कारागारमा रहेका महिलाबाट जन्मेका वा आमा बाबु कारागारमा रहेका व्यक्तिको साथमा रहेका बच्चाको जन्म दर्ता हुन नसकेको भए सम्बन्धित कारागारबाट उक्त बालबालिकाहरु आमा वा बाबुसँग कारागारमा रहेको भन्ने प्रमाणित भई आएमा सोसँग सम्बन्धित कागजपत्रहरु संलग्न गरी सोही स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा जन्म दर्ता गर्न पाउने व्यवस्था रहेको छ ।

**(ज) वि.सं.२०६३ सालमा जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकका सन्तानहरुको जन्म दर्ता गर्ने सम्बन्धमा**

रामग्राम नगरपालिका अन्तर्गत बसोबास गरिरहेका नेपाली नागरिकहरुले २०६३ सालमा जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेकोमा त्यस्ता नेपाली नागरिकहरुको निजहरुले नागरिकता प्राप्त गर्नुभन्दा अगावै र घटना दर्ता लागू हुनुभन्दा पछाडि जन्म भएका र हालसम्म जन्म दर्ता नगराएका बालबालिकाको जन्म दर्ता गराउन मिल्ने वा नमिल्ने के हो ? आवश्यक निर्देशन माग भएको सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।१।९ मा निम्नानुसार निर्णय भएकोले निर्णयानुसार गर्न गराउन हुन अनुरोध गरिन्छ ।

(१) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (५) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ४ बमोजिम जन्मको आधारमा २०६३ सालमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकहरुको निजहरुले नागरिकता प्राप्त गर्नुभन्दा अगावै जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ लागू भएपछि जन्म भएका र हालसम्म जन्म दर्ता नगराएका बालबालिकाहरुको जन्म दर्ता गर्न मिल्ने नै देखिन्छ ।

(२) जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेका व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्नु अगावै जन्मेका सन्तानको जन्म दर्ता गर्दा भर्ने जन्मको सूचना फाराममा बाबु आमाको महलमा कुन विवरण उल्लेख गर्ने सम्बन्धमा नवजात शिशुको बाबु आमाले जुन विवरण भरी नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेका छन्, सोही विवरण जन्मको सूचना फारामको बाबुआमाको महलमा उल्लेख गर्ने ।

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.८११, मिति २०७०।१।२२ को परिपत्र)**



**(झ) विदेशी नागरिकको जन्म दर्ता गर्ने सम्बन्धमा**

अस्पतालमा जन्मेका बच्चाहरुको हकमा सम्बन्धित अस्पतालको डाक्टरको सिफारिश र राष्ट्रियता स्पष्ट हुने राहदानी वा त्यस्तै कुनै प्रमाण र घरमा जन्मेका बच्चाको हकमा सम्बन्धित देशको राजदूतावास/नियोगको सिफारिस र राष्ट्रियता स्पष्ट हुने राहदानी वा त्यस्तै कुनै प्रमाणको आधारमा दर्ता गरी प्रमाण-पत्र दिने र सम्बन्धित देशको नाम उल्लेख गर्ने ।

**(ञ) शैक्षिक प्रमाणपत्रमा जन्म मिति सच्याउने सम्बन्धमा :**

प्रस्तुत विषयमा जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन २०३३ र सो सम्बन्धी नियमावली २०३४ ले व्यवस्था गरे अनुसार स्थानीय पञ्जिकाधिकारीको कार्यालयवाट प्रदान गरिने जन्म दर्ता प्रमाणपत्र र शैक्षिक निकाय तथा परिक्षा नियन्त्रण कार्यालयवाट प्रदान गरिने प्रमाणपत्रमा जन्म मितिमा एकरुपता कायम गर्ने र जन्म मिति फरक परेमा शैक्षिक प्रमाणपत्रमा जन्म मिति संशोधन गर्ने सम्बन्धमा शिक्षा मन्त्रालयमा यस मन्त्रालयको प.सं.०६९/७० च.नं.९३५ मिति २०७०/२/२१ को पत्रवाट जानकारी उपलब्ध गराइदिन अनुरोध गरि पठाइएकोमा उक्त मन्त्रालयको प.सं. २०७०/७१ च.नं.१६३ मिति २०७०/५/१८ को पत्रवाट "माध्यमिक शिक्षा उत्तिर्ण (एस.एल.सी) परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६८ को परिच्छेद-११ अनुसार मात्र जन्म मिति सम्बन्धमा अभिलेख सच्याउन मिल्ने राय पठाउने भन्ने मिति २०७०/५/१६ मा सचिवस्तरिय निर्णय भएको व्यहोरा अनुरोध गरिन्छ" भनि लेखि आएको छ ।

उक्त निर्देशिका अनुसार एस.एल.सी.को रजिष्ट्रेशन वा आवेदन फारम भर्दा नाम वा थरको हिज्जे वा जन्म मिति फरक पर्न गएमा परिक्षा हुनु अगावै जिल्ला शिक्षा कार्यालयको सिफारिसमा परिक्षा नियन्त्रण कार्यालयबाट र एस.एल.सी.को शैक्षिक प्रमाणपत्रको नाम, थर वा जन्म मितिमा संशोधन गर्न परेमा नतिजा प्रकाशन भएको मितिले ६ महिना भित्र प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिई संशोधन गर्ने निर्णय भएमा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयवाट अभिलेख संशोधन गर्न सकिने व्यवस्था रहेको छ । विस्तृत विवरण संलग्न कागजातवाट अध्ययन गर्नु भई जन्म दर्ता प्रमाणपत्रमा जन्म मिति संशोधनको लागि स्थानीय पञ्जिकाधिकारीले अनुमति माग गर्दा उक्त प्रक्रियावाट संशोधन नहुने जन्म मिति मात्र संशोधन गर्न जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन २०३३ र सो सम्बन्धी नियमावली २०३४ ले व्यवस्था गरे अनुसार पञ्जिकाधिकारी समक्ष निर्देशन माग गर्ने व्यवस्था हुन शिक्षा मन्त्रालयवाट प्राप्त माध्यमिक शिक्षा उत्तिर्ण (एस.एल.सी) परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६८ को परिच्छेद-११ को प्रति यसै साथ संलग्न राखि पठाइएको ।

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७०।५।२६ को परिपत्र)**

# माध्यमिक शिक्षा उत्तिर्ण (एसएलसी) परीक्षा संचालन तथा व्यवस्थापन निर्देशिका २०६८

## परिच्छेद ११
## अभिलेख सच्याउनेसम्वन्धी व्यवस्था

**४५. अभिलेख सच्याउनेसम्बन्धी**

१) रजिष्ट्रेशन वा आवेदन फाराम भर्दा नाम वा थरका हिज्जे वा जन्ममिति फरक पर्न गएमा परिक्षा हुनु भन्दा अगावै परिक्षार्थीले संसोधनका लागि आवश्यक प्रमाण सहित सम्वन्धित विद्यालयमा निवेदन दिई जिल्ला शिक्षा कार्यालयसमेतको सिफारिशमा परिक्षा नियन्त्रण कार्यालयमा निवेदन दिनुपर्नेछ। उक्त प्रमाणहरुको आधारमा कार्यालयले परीक्षाफल प्रकाशन अगावै अभिलेख संशोधन गर्नेछ।

२) नाम थर वा जन्ममिति संशोधन गर्नुपरेमा नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र सक्षम निकायमा निवेदन दिई त्यहावाट संशोधनको निर्णय भएमा उक्त निर्णयको निर्णय आधारमा तोकिएको दस्तुर लिई सम्वन्धित क्षेत्रिय शिक्षा निर्देशनालयवाट अभिलेख संशोधन गरिनेछ।

यस खण्ड वमोजिम नाम थर वा जन्ममिति एकपटक भन्दा वढी संशोधन गरिनेछैन।
**स्पष्टिकरणः यस खण्डमा सक्षम निकाय भन्नाले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अभिकारी भन्ने बुझिन्छ ।**

३) खण्ड (२) मा एकमा जुनसुकै कुरा लेखिएका भए तापनि आवेदन वा रजिष्ट्रेशन फाराममा भरे अनुसार नाम वा थरको हिज्जे वा जन्ममिति नमिलेमा सक्कल प्रवेशपत्र वा रजिष्ट्रेशनका अर्धकट्टीसहित कार्यालय वा सम्वन्धित क्षेत्रिय शिक्षा निर्देशनालयमा निवेदन दिई जुनसुकै समयमा संशोधन गर्न सकिनेछ।

४) परीक्षार्थीको नाम वा थर वा जन्ममिति वा अन्य विवरण पुरै वा आंशिक रुपमा फरक पर्न गएमा परीक्षार्थीवाट आवश्यक प्रमाण लिई कार्यालयमा रहेको आवेदन फाराम परीक्षार्थीको दैनिक हाजिरी लगायतका प्रमाणहरु भिडाई कार्यालयले संशोधन गर्न सक्नेछ।

५) नाम वा थरमा छपाइको कारणवाट मात्रा अक्षर छुट वा कट्टी भएमा र अग्रेजीमा लेख्दा हिज्जेमा फरक पर्न गएमा लिङ्ग तथा थर परिवर्तन नहुने र तात्विक अर्थ फरक नपर्ने गरी सम्वन्धित परीक्षार्थीबाट आवश्यक प्रमाण लिइ कार्यालय वा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले संशोधन गर्न सक्नेछ।

६) दुई वा बढी मार्कसिटहरु भई परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीहरुको हकमा एकअर्कासंग नाम वा थरको हिज्जे वा जन्म मितिलगायतका विवरण फरक पर्न गएमा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले कुनै एउटासंग एकरुपता कायम गर्न अर्कोमा संशोधन गर्न सक्नेछ।

७) कुनै परीक्षर्थीले सुरु नाम र बीच नाम जोड्न वा छुटयाउन अथवा संक्षेपीकृत शब्दमा थोप्लो राख्न वा हटाउन माग गरेमा निजसंग आवश्यक प्रमाण लिई कार्यालय वा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले माग वमोजिम गर्न सक्नेछ।



**स्पष्टीकरणः** खण्ड ५ र ७ को प्रयोजनका लागि आवश्यक प्रमाण भन्नाले नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त आधिकारिक निकाय वा कूटनीतिक निकायवाट जारी भएका प्रमाणपत्र वा कागजात भन्ने बुझिन्छ। (उदाहरणका लागि नागरिकताको प्रमाणपत्र, माथिल्ला शैक्षिक योग्यताको प्रमाणपत्र जिल्ला शिक्षा कार्यालयको सिफारिस आदि।

८) मार्कलेजरमा विवरण प्रमाणित गराउने संशोधन भए पश्चात कायम भएका विवरण अनिवार्य रुपमा मार्कलेजरमा अधिकृत कर्मचारीद्वारा लेखाई प्रमाणित गराई राख्नुपर्नेछ।

**(ट) वावु-आमा नभएका व्यक्तिको पालनपोषण गर्ने व्यक्ति सूचक बन्ने सम्बन्धमा :**

प्रस्तुत विषयमा जिल्ला विकास समितिको कार्यालय भक्तपुरको प.सं.०६९/७० च.नं. २३१८ मिति २०७०/३/२४ को पत्र र खाँदवारी नगरपालिकाको कार्यालय संखुवासभाको प.सं.०६९/७० च.नं.५०८१ मिति २०७०/३/१४ को पत्रको सन्दर्भमा लेखिदैंछ। सो सम्बन्धमा कटुन्जे-७ भक्तपुर निवासी भक्त वहादुर अच्छामीले भाञ्जा बुलेट अच्छामीको वावु आमा कोही नभएको हुँदा पालन पोषण गरेको र मामाले जन्म दर्ता गर्नको लागि सूचक वन्न पाउने वा नपाउने सम्बन्धमा निर्देशन माग गरेको साथै खाँदवारी न.पा.-१३ वस्ने टेक वहादुर दर्जिले सालीको छोरा सन्दीप दर्जी (वावुको पत्ता नलागेको) लाई पालनपोषण गरि राखेको र सन्दीप दर्जीको आमाको समेत मृत्यु भइसकेको अवस्थामा सूचक वन्नको लागि माग गरेकोमा जन्म दर्ता गर्न पालनपोषण गर्ने मामा र ठूलो बुबा नाता पर्ने व्यक्ति जन्म,मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ अनुसार सूचक वन्न सक्ने वा नसक्ने विषयमा निर्देशन माग भएको सन्दर्भमा कारवाही हुँदा यस मन्त्रालयको मिति २०७०/४/२१ को निर्णय अनुसार “जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने ) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (क) ले जन्म र मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले दिनुपर्ने व्यवस्था गरेको तथा सोही दफाको उपदफा (४) मा जन्म र मृत्युको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको व्यक्तिले दफा (४) को उपदफा (१) को खण्ड (क) बमोजिमको सूचना दिनुपर्ने व्यवस्था भए बमोजिम नेपाल सरकारले मिति २०५९/११/२६ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गा.वि.स.को क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा सदस्यको सिफारिशको आधारमा सम्बन्धित गा.वि.स.को अध्यक्ष वा उपाध्यक्ष र निजहरुको पद रिक्त भएको अवस्थामा गाउँ विकास समितिको सचिव र नगरपालिकाको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा सदस्यको सिफारिशको आधारमा सम्बन्धित नगरपालिकाको प्रमुख वा उपप्रमुख र निजहरुको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिशको आधारमा कार्यकारी अधिकृत र वडा सचिवको व्यवस्था नभएको नगरपालिकाको हकमा कार्यकारी अधिकृतलाई सूचक तोकेको देखिन्छ। उक्त सूचनाले बाबु पत्ता नलागेको र आमाको मृत्यु भई नातेदार लगायतले पालनपोषण गरिरहेका बालकहरुको जन्म दर्तालाई समेत सम्बोधन गर्ने नै देखिएको र उक्त सूचनालाई अन्यथा भन्न पर्ने अवस्था समेत नदेखिएको सन्दर्भमा पुनः अर्को व्यवस्था गरिरहन पर्ने नदेखिंदा मिति ०५९/११/२६ को सूचना

बमोजिम नै गर्न गराउन उपयुक्त हुने"। भन्ने निर्णय भएकोले आवश्यक कारवाहीको लागि निर्णयअनुसार अनुरोध गरिएको ।

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७०।४।२७ को परिपत्र)**

## २. मृत्यु दर्ता सम्बन्धी

### (क) मृत्यु दर्ताको सूचना विवाहित छोरीले पनि दिन सक्ने गरी भएको व्यवस्थाः

नेपाल सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको खण्ड (क) बमोजिम आमा वा बाबुको मृत्यु भएको सूचना दिने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा विवाहित छोरीले पनि त्यस्तो सूचना दिन सक्ने गरी तोकेकोले नेपाल राजपत्रमा सूचना प्रकाशित गरिएको ।

**(नेपाल राजपत्र, भाग ५ मिति २०६७।१०।१० मा प्रकाशित स्थानीय विकास मन्त्रालयको सूचना)**

### (ख) कर्मचारी कार्यरत भएको जिल्लामा मृत्यु भएमा मृत्यु दर्ता सम्बन्धमा गरिएको व्यवस्थाः

"अन्य जिल्लाबाट आई कार्यरत रहेको कर्मचारीको कार्यरत रहेको ठाउँमा निधन हुन गएमा सम्बन्धित कार्यालयले प्रमाणित गरी दिएको आधारमा निजको श्रीमान्/श्रीमतीले वा परिवारका अन्य सदस्यले सूचक भई दरखास्त गरेमा व्यक्तिगत घटनाहरु दर्ता गरिदिने । मृतकको स्थायी बसोबास गरेको नगरपालिका वा गाऊँ विकास समितिमा सबै विवरण खोली जानकारी दिनुपर्नेछ, जानकारी प्राप्त गर्ने स्थानीय पञ्जिकाधिकारीले पनि रेकर्ड राखि सो को जानकारी यस मन्त्रालयमा पठाईदिने" ।

**(स्थानीय विकास मन्त्रालयको मिति २०५९/६/२३ को परिपत्र)**

### (ग) विदेशी नागरिकको मृत्यु दर्ता गर्ने सम्बन्धमा

क. अस्पताल वा प्रहरी प्रतिवेदन,

ख. सम्बन्धित देशको राजदूतावासको सिफारिस वा कुनै कार्यालय वा योजनामा कार्यरत रहेको भए प्रमुखको रितपूर्वकको पत्र ।

माथि उल्लिखित प्रमाणहरु पेश गरी घटना घटेको गाउँ विकास समिति वा नगरपालिकामा घटना दर्ता गर्न सकिनेछ ।

ग. विशेष परिस्थितिमा घट्न गएका घटना स्थान अनुसार दर्ता गर्न असुविधा पर्न आएमा काठमाडौं महानगरपालिका स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता गर्न सकिनेछ ।

### (घ) मृत्यू दर्ता प्रमापत्रमा स्थानीय निकायका पदाधिकारी सुचक बसिदिने सम्बन्धमा :

प्रस्तुत विषयमा काठमाडौं जिल्ला का.म.पा. २४ वडाका निवेदिका इश्वरी श्रेष्ठको फूफू नाता पर्ने शारदा देवी श्रेष्ठको मृत्यू दर्ता प्रमाण पत्र माग भएको विषयमा मृतकको नजिकको नातेदार कोही नभएको अवस्थामा मात्र काठमाडौं म.पा. प्रमूख तथा कार्यकारी अधिकृत सूचक वस्ने व्यवस्था भएकोले पदिय दायित्व निर्वाह गर्दा नागरिकता नं. उल्ले.ख गरी ल्याप्चे सहिछाप गर्न उपयूक्त नहुने व्यहोरा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाउने भनि का.म.पा.को मिति



२०७०।१।१३ मा निर्णय भई आएको पत्रको सन्दर्भमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट आवश्यक कारवाही हुँदा मिति २०७०।२।२० मा मन्त्रालयवाट निम्नानुसार निर्णय भएकोले जानकारीको लागि अनुरोध छ ।

१) जन्म, मृत्यू तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (४) मा जन्म तथा मृत्यूको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको व्यक्तिले जन्म तथा मृत्यूको सूचना दिनुपर्ने व्यवस्था भए बमोजिम नेपाल सरकारवाट मिति २०५९।११।२६ मा नेपाल राजपत्रमा सूचना प्रकशित गरी गाउँ विकास समितिको हकमा गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष र निजहरुको पद रिक्त भएको अवस्थामा गाउँ विकास समितिको सचिव र नगरपालिकाको हकमा नगरपालिकाको प्रमूख वा उपप्रमुख र निजहरुको पद रिक्त भएको अवस्थामा कार्यकारी अधिकृतलाई सूचक तोकेको देखिन्छ ।

२) जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची-२ र ३ ले क्रमशः जन्म तथा मृत्यूको सूचना फारामको ढाँचा तोकेको र उक्त ढाँचामा सूचकको नाम थर, ठेगाना नागरिकता प्रमाणपत्र नम्वर, नागरिकता प्रमाणपत्र जारी भएको मिति र जिल्ला उल्लेख गर्नुपर्नाको साथै दायाँ बाँया औंठाको ल्याप्चे छाप समेत लगाउनु पर्ने देखिन्छ । नेपाल सरकारको उल्लिखित सूचनानुसार सार्वजनिक पदमा बहाल रहेको व्यक्ति जन्म र मृत्यूको सूचक वन्नु पर्ने अवस्थामा जन्म र मृत्यूको सूचना फाराममा निजको नाम थर, पद, दस्तखत, मिति र कार्यालयको छाप लगाउँदा त्यो प्रयाप्त हुने भई व्यवहारिक समेत हुने देखिएको सन्दर्भमा निजहरुको हकमा नाम थर, पद, दस्तखत र मिति उल्लेख गरी कार्यालयको छाप लगाउने ।

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७०।२।२२ को परिपत्र)**

## ३. विवाह दर्ता सम्बन्धी

### (क) विदेशी नागरिक र नेपाली नागरिक बीच भएको विवाहको दर्ता सम्बन्धमा भएको व्यवस्थाः

(१) नेपाली नागरिक र विदेशी नागरिकका बीचको विवाह दर्ताका लागि स्थानीय पञ्जिकाधिकारी कहाँ निवेदन पेश हुन आएमा विवाह दर्ता अधिकारी प्रमुख जिल्ला अधिकारी वा कानूनले तोकेको अधिकारीद्वारा प्रदत्त प्रमाण-पत्रको आधारमा मात्र स्थानीय पञ्जिकाधिकारीले विवाह दर्ता गरी प्रमाण-पत्र दिने व्यवस्था नेपाल सरकारबाट निर्णय भएको हुँदा सोही अनुसार गर्नु, गराउनु पर्ने ।

**(गृह मन्त्रालयको मिति २०४९/११/२८ को परिपत्र)**

(२) विदेशीहरुसँग भएको विवाहको हकमा विवाह दर्ता गर्ने अधिकारीद्वारा प्रदत्त विवाह दर्ता प्रमाण-पत्रको आधारमा मात्र व्यक्तिगत घटना दर्ता गर्ने गरी नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०४९/९/१० को निर्णयानुसार गत वर्ष २०४९ सालको पौष महिनामा तत्काल यस मन्त्रालयको पञ्जिकरण महाशाखाबाट सबै जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र भएको ।

उक्त मिति २०४९/९/१० को निर्णय भिसा दिने प्रयोजनका लागि भएकोले नेपाली पुरुषसँग भारतीय महिलाको विवाह भएमा व्यक्तिगत घटना दर्ता गर्नलाई उक्त परिपत्रले बाधा पुऱ्याएको नमानिने गरी नेपाल सरकार (मन्त्रिस्तर) बाट मिति २०५०/४/१७ मा निर्णय भएको ।

**(गृह मन्त्रालयको
मिति २०५०/४/२५ को परिपत्र)**

(३) नेपाली नागरिक र विदेशी नागरिक बीचको विवाह दर्ताका लागि स्थानीय पञ्जिकाधिकारी कहाँ निवेदन पेश हुन आएमा विवाह दर्ता अधिकारी (प्र.जि.अ.) द्वारा प्रदत्त प्रमाण-पत्रको आधारमा मात्र स्थानीय पञ्जिकाधिकारीले विवाह दर्ता गरी प्रमाण-पत्र दिने व्यवस्था गर्ने सम्बन्धमा नेपाल सरकारको निर्णय भई तत्कालिन पञ्जिकरण महाशाखाबाट सबै जिल्ला प्रशासन कार्यालयहरुमा मिति २०४९/११/२८ मा परिपत्र भएको ।

उक्त निर्णय प्रवेशाज्ञा (भिसा) दिने प्रयोजनको निमित्त भएको हुँदा नेपाली पुरुषसँग भारतीय महिलाको विवाह भएमा व्यक्तिगत घटना दर्ता गर्नलाई उक्त परिपत्रले बाधा पुऱ्याएको नमानिने भनी नेपाल सरकारले मिति २०५०/४/१७ मा निर्णय गरेको व्यहोरा गृह मन्त्रालय, ना. तथा अ. महाशाखाको मिति २०५०/४/२५ को पत्रद्वारा लेखि आएको ।

**(स्थानीय विकास मन्त्रालयको
मिति २०५०/११/१६ को परिपत्र)**

**(ख) बहुविवाह, अनमेल तथा बाल विवाह दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्थाः**

बहुविवाह अनमेल तथा बाल विवाह गरेको सो विवाह दर्ता गर्न मिल्छ, मिल्दैन भन्ने सन्दर्भमा कानून तथा न्याय मन्त्रालयसँग राय माग गर्दा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को मुख्य उद्देश्य नै जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाई सराई जस्ता विभिन्न घटनाहरु दर्तासम्म गरी तत् सम्बन्धी प्रमाण-पत्र वितरण गर्ने रहेकोले त्यस्ता घटनाहरु दर्ता गराई माग्न आएमा स्थानीय पञ्जिकाधिकारीले सोही ऐनको दफा ५ अनुसार आवश्यक कागजातहरु हेरी प्राप्त सूचनालाई दर्ता गरिदिनुपर्ने कानूनी व्यवस्था रहेकोले यसरी उक्त ऐनको दफा ५ अनुसारको प्रक्रिया नपुगेको कुरामा हेर्ने बाहेक सो ऐन अनुसार व्यक्तिगत घटना दर्ता गर्दा त्यस्ता घटनाहरु दण्डनीय हुन वा होइनन् भनी निर्णय गर्न पाउने गरी दर्ता गर्ने निकाय वा अधिकारीलाई अधिकार प्रदान गरेको नदेखिएको र त्यस्तो घटना दण्डनीय नै भएको अवस्थामा पनि सोही कारणले मात्र प्रस्तुत विवाह प्रचलित कानून बमोजिम बदर हुने नदेखिएको हुँदा सो ऐन अनुसार दर्ता हुनुपर्ने घटनाहरुको दर्ता गर्ने र प्रमाण-पत्र दिने सम्मको कर्तव्य स्थानीय पञ्जिकाधिकारीको रहेको" भन्ने व्यहोराको राय उक्त मन्त्रालयको प.सं. राय २२।१५०।०५४।५५, च.नं. ६, मिति २०५४/१२/२० को पत्रबाट लेखि आएकोले सोही अनुसार गर्नु, गराउनु पर्ने ।

**(स्थानीय विकास मन्त्रालयको
मिति २०५५/१/२२ को परिपत्र)**

**(ग) वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्थाः**

महादेवस्थान गाऊँ विकास समिति, वडा नं. ७ काठमाडौं बस्ने कमला थान्सुहाङ्गले मिति २०५७/१/१० मा निश्चल नकर्मीसँग विवाह भएको तर स्थानीय



पञ्जिकाधिकारीको कार्यालयमा विवाह दर्ता नभईसकेको अवस्थामा नै पनि निश्चल नकर्मीलाई राज्यद्वारा वेपत्ता पारिएको हुँदा श्रीमान्‌को अनुपस्थितिमा एक्लै विवाह दर्ता गरी पाउन स्थानीय पञ्जिकाधिकारीको कार्यालय, महादेवस्थान गा.वि.स.मा निवेदन दर्ता गर्नु भएको र उक्त पञ्जिकाधिकारीको कार्यालयबाट राज्यद्वारा वेपत्ता पारिएका नागरिकहरुको विवाह दर्ता गराउनको लागि निर्देशन माग गरी यस मन्त्रालयमा पत्र पठाएकोमा कारवाही हुँदा राज्यद्वारा वा अन्य संघ संगठनहरुबाट वेपत्ता पारिएका नागरिकहरुको हकमा विवाह दर्ता गराउँदा देहायको प्रकृया पुऱ्याई पति वा पत्नीमध्ये कुनै एक पक्ष उपस्थित भई विवाह दर्ता गराउन सक्ने गरी स्थानीय पञ्जिकाधिकारीहरुलाई निर्देशन दिने गरी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६४/६/२८ मा निर्णय भएको ।

(१) राज्यद्वारा वा अन्य संघ संगठनद्वारा वा अन्य कुनै समूहद्वारा वेपत्ता पारिएको व्यक्तिको वैवाहिक सम्बन्ध भएको भन्ने विषयमा स्थानीय ठेगानामा (सूचक बसोबास गर्ने वडा) ना.प्र.प.नं., जारी मिति र जारी भएको जिल्ला समेतको विवरण खुलेको कम्तीमा ५ जनाको सर्जमिन मुचल्का र वेपत्ता पारिएका वा भएका पुरुषको श्रीमती सूचक भएको अवस्थामा उक्त मुचुल्कामा निज सूचकका सासु वा ससुरा वा देवर वा जेठाजु भएमा निजहरुमध्ये १ जना उक्त सर्जमिन मुचुल्कामा समावेश गर्ने ।

(२) राष्ट्रिय मानव अधिकार आयोग वा नेपाल सरकार गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयबाट वेपत्ता पारिएको भन्ने प्रमाणको कागजातहरु समावेश हुनुपर्ने ।

**(घ) पतिले विवाह दर्ता गर्न ईन्कार गरेमा विवाह दर्ताको लागि गरिएको अवस्था :**

मोरङ्ग जिल्ला, कदमाह गा.वि.स., वडा नं. ८ बस्ने शुशिला मण्डलले मिति २०६०।१।१ मा यस कार्यालयमा निवेदन पेश गर्नु भए अनुसार निजका पति प्रकाश मण्डलले निज निवेदकलाई खान लाउन नदिई कुटपिट गरी घरबाट निकाला गरि दिएको र निज श्रीमान् श्रीमतीबाट निर्मला मण्डल गनगाई नामकी छोरीको जन्म भई स्थानीय पञ्जिकाधिकारीको कार्यालय कदमाहबाट जन्म दर्ता समेत भईसकेको । निज निवेदक शुशिला मण्डलले खान लाउन दिलाई पाउँ भनी मोरङ्ग जिल्ला अदालतमा मुद्दा दायर गर्दा सो अदालतबाट निज प्रकाश मण्डलले निज निवेदकलाई श्रीमती नाता कायम गरी खान लगाउन बापत वार्षिक रु. ८,०००।- दिने गरी फैसला समेत भएको संलग्न कागजातबाट देखिएको र सोही मुद्दामा विपक्षी प्रकाश मण्डल गनगाई समेत भई उक्त फैसला उपर पुनरावेदन परी पुनरावेदन अदालतबाट पनि शुरु अदालतकै फैसलालाई सदर गरेको सक्कल कागज प्रमाणहरुबाट देखिन्छ । निज शुशिला मण्डल र प्रकाश मण्डलको विवाह दर्ता गराउने सिलसिलामा एकतर्फी शुशिला मण्डलको मात्र निवेदनका आधारमा बिवाह दर्ता प्रमाण-पत्र दिन मिल्ने हो, होईन सो सम्बन्धमा निर्देशन पाउन अनुरोध भई आएको विषयमा पेश हुँदा प्रकाश मण्डल गनगाई र शुशिला मण्डल गनगाईको छोरी निर्मला मण्डल गनगाईको मिति ०५४।४।१० मा जन्म भएको भनी जन्म दर्ता प्रमाण-पत्र दिई सकिएकाले उक्त प्रमाण-पत्रले शुशिला मण्डल गनगाईको पति प्रकाश मण्डल गनगाई हो भन्ने पुष्टी भएको र सम्मानित पुनरावेदन अदालतबाट समेत नाता कायम गरिसकेको अवस्थामा सो समेतलाई

आधार लिई कैफियत जनाई शुशिला मण्डल गनगाईको निवेदनको आधारमा विवाह दर्ता गरि दिने गरि मिति २०६०।१।२५ को निर्णय भएको ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६०/१/३० को परिपत्र)**

**(ङ) विदेशी नागरिकको विवाह दर्ता गर्ने सम्बन्धमा**

विवाह गर्ने पक्ष नेपाली केटा अथवा केटी र विदेशी केटा अथवा केटी भएमा विदेशी पक्षको पासपोर्टको प्रतिलिपी र नेपाली पक्षको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा विवाह दर्ता ऐन, २०२८ अनुसार विवाह दर्ताको प्रमाण-पत्र प्राप्त गरेको आधारमा । तर नेपाली पुरुष र भारतीय महिलाको बीचको विवाहको घटना दर्ता गर्न विवाह दर्ता ऐन, २०२८ अनुसारको विवाह दर्ता प्रमाण-पत्र र पासपोर्ट आवश्यक नपर्ने ।

## ४. सम्बन्ध विच्छेद सम्बन्धी

**(क) विदेशी अदालतबाट सम्बन्ध विच्छेद भएको आधारमा सम्बन्ध विच्छेदको दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्थाः**

सूचक श्री स्वेता कुँवरले पेश गर्नु भएको सम्बन्ध विच्छेदको सूचना फाराम अनुसार श्वेता कुवँर र ज्योतीप्रसाद धितालको बीचमा मिति २०६०/१०/२७ मा विवाह भएको र District Court Dougles County, Colorado मा २२ जनवरी २००९ मा सम्बन्ध विच्छेद भएकोमा विदेशी अदालतको आदेश अनुसार भएको सम्बन्ध विच्छेदको घटना दर्ता गर्न मिल्ने वा नमिल्ने भनी निर्देशन माग भई आएको सन्दर्भमा आवश्यक कारवाही हुँदा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (२) मा "व्यक्तिगत घटना नेपाल राज्यबाहिर घटेको भए उपदफा (१) बमोजिम सो घटनाको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नेपाल राज्यमा आएपछि निजले साठी दिनभित्र सूचना दिनुपर्नेछ" भनी उल्लेख भएको र "राज्य बाहिर" भन्नाले विदेश जनाउने हुँदा नेपालसँग दौत्य सम्बन्ध कायम भएका मुलुकका अदालतले गरेको सम्बन्ध विच्छेदको फैसलालाई आधार मानि जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ५ को उपदफा (२) बमोजिम स्थानीय पञ्जिकाधिकारीले घटना दर्ता गरी सम्बन्धितलाई प्रमाण-पत्र दिन सकिने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६६/८/४ मा निर्णय भएको ।

**(ख) सम्बन्ध विच्छेदको घटना दर्ता गर्ने स्थानको सम्बन्धमा भएको व्यवस्थाः**

का.म.पा. ३० मा डेरा गरी बस्ने श्रीमती जुना राउत (कार्की) र कीर्तिपुर न.पा., वडा नं. २ डेरा गरी बस्ने रमेश कार्की बीच भएको सम्बन्ध विच्छेदको घटना दर्ता गर्ने स्थानको सम्बन्धमा आवश्यक कारवाहीको लागि पेश भएकोमा भई आएको नीति निर्देशन अनुरुप गर्ने गराउने गरी पठाउने भन्ने निर्णय भएको हुँदा गृह मन्त्रालयको च.नं. १११, मिति ०४७/५/१३ को पत्रबाट "गाऊँ समिति वा नगरपालिकाको क्षेत्रको ठेगाना (वतन) राखि नागरिकता लिएको व्यक्तिले घटना दर्ता गराउन आएमा जुन गाऊँ विकास समिति वा नगरपालिकामा स्थायी बसोबास गरी आएको हो सोही गाऊँ विकास समिति वा नगरपालिकामा घटना दर्ता गराउनु पर्दछ ।" भनी सबै जि.वि.स.हरुमा परिपत्र भईसकेको तथा च.नं. २६७, मिति २०५९/१०/१३ को पत्रबाट यस मन्त्रालयबाट "सम्बन्ध विच्छेद घटना



दर्ता गर्ने बारे अदालतको फैसलाको आधारमा पुरुषतर्फको स्थायी ठेगाना भएको गा.वि.स./न.पा. मा उक्त घटना दर्ता गर्ने" भनी स्पष्ट गरी पठाइएको ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६१/४/१२ को पत्र)**

**(ग) सम्बन्ध विच्छेदको घटना दर्ता गर्ने अवधी र दस्तुर जरिवाना सम्बन्धमा भएको व्यवस्थाः**

का.म.पा.२९ बस्ने अनुपकुमार सिंह र सपना सिंह बीच सम्बन्ध विच्छेद सम्बन्धी कारवाहीमा काठमाडौं जिल्ला अदालतको मिति २०६०।११।१४ को फैसला बमोजिम ३५ दिनभित्र पुनरावेदन जाने भनी दिएको आदेश अनुसार उक्त घटना दर्ता गर्न मिल्ने वा नमिल्ने भनी जिल्ला विकास समितिको कार्यालय काठमाडौंबाट मिति २०६०।१२।४ को पत्रबाट निर्देशनको लागि माग भएकोमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ५ को उपदफा (२) बमोजिम अदालतको फैसला समेत हेरी, पुनरावेदनको म्याद पर्खन पर्ने व्यवस्था कानुनमा भएको पाइएन र त्यसैगरी दस्तुर नलाग्ने भन्ने पनि व्यवस्था नभएकोले अदालतबाट फैसला भएको मितिलाई घटना घटेको मिति मानी ३५ दिनभित्र निःशुल्क र ३५ दिनपछी नियमानुसारको दस्तुर लिई घटना दर्ता गर्न सकिने भनी मिति २०६०।१२।११ मा निर्णय भएकोले निर्णय अनुसार गर्नु हुन" जिल्ला विकास समितिको कार्यालय काठमाडौंलाई निर्देशन दिई पठाइएको ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६०/१२/११ को पत्र)**

## ५. बसाई सराई दर्ता सम्बन्धी

**(क) बसाई सराई दर्ता र अस्थायी बसोबास गरेका व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता सम्बन्धमा गरिएको व्यवस्था :**

व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ को दफा २ (ख) अनुसार बसाई सराई भन्नाले "६ महिनाभन्दा बढी अवधिको लागि नेपाल अधिराज्यभित्र एक गाऊँ विकास समिति वा नगरपालिका क्षेत्रबाट अर्को गाऊँ विकास समिति वा नगरपालिका क्षेत्रमा वा विदेशमा बसाई सरी जाने वा विदेशबाट बसाई सरी आउने कार्यलाई सम्झनु पर्छ" भनी बसाई सराईको परिभाषा गरेको छ। साथै उक्त ऐनमा कुनै एक ठाउँबाट अर्को ठाउँमा बसाई सराई गरी जानको लागि घरजग्गा लगायतका अचल सम्पत्ति नै भएको हुनुपर्ने कतै उल्लेख भएको देखिँदैन । अतः आफ्नो क्षेत्रमा घटेका घटना दर्ता गर्नुपर्ने कर्तव्य स्थानीय पञ्जिकाधिकारीको भएको हुँदा त्यहाँबाट निर्देशन माग भएको सम्बन्धमा देहाय अनुसार घटना दर्ता गरिदिने व्यवस्था छ ।

(१) अन्यत्र जिल्लाबाट बसाई सराई दर्ता प्रमाण-पत्र लिएर आएका र स्थायी घरजग्गा नभई अस्थायी रुपमा बसोबास गरिरहेकाहरुको हकमा सम्बन्धित गा.वि.स./न.पा.ले आफ्नो क्षेत्रमा त्यस्ता अस्थायी बसोबास गरेका परिवारहरुको लगत राखि अन्यत्र जिल्लाबाट ल्याएको बसाई सराई दर्ता प्रमाण-पत्र र नागरिकताको आधिकारिकता एकीन गरी नेपाली नागरिक ठहरिएमा तिनीहरुको व्यक्तिगत घटना दर्ता गरिदिने ।

(२) विभिन्न कारणबाट अन्यत्र जिल्लाबाट त्यस जिल्लाको गा.वि.स./न.पा. क्षेत्रमा अस्थायी बसोबास गरी बसेका नेपाली नागरिकहरुको हकमा नागरिपालिका/

गा.वि.स.स्तरमा लगत कायम गरी त्यस्ता परिवारका बालबालिकाहरुको जन्म दर्ता गरिदिने ।

**(स्थानीय विकास मन्त्रालयको मिति २०६३/४/२६ को परिपत्र)**

## ६. विविध

**(क) बहालवाला कर्मचारीको व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्था :**

(१) "अन्यत्र जिल्लाबाट आएका कर्मचारीहरुको व्यक्तिगत घटना दर्ता सम्बन्धमा कर्मचारी आफु बहाल रहेको जिल्लामा बसोबास गरेको नगरपालिका वा गाऊँ विकास समितिमा घटना दर्ता गर्न सकिनेछ । तर निजको स्थायी बसोबास गरेको नगरपालिका वा गाऊँ विकास समितिमा सबै विवरण खोली जानकारी दिनुपर्नेछ, यसरी जानकारी प्राप्त गर्ने स्थानीय पञ्जिकाधिकारीले पनि रेकर्ड राखि सो को जानकारी यस पञ्जिकरण महाशाखामा दिनुपर्नेछ" भनी गृह मन्त्रालयबाट च.नं. १११, मिति २०४७/५/१३ मा ७५ वटै जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र भईसकेकोले सोही अनुसार गरी यस मन्त्राललयलाई जानकारी पठाईदिने ।

(२) "अन्य जिल्लाबाट आई कार्यरत रहेको कर्मचारीको कार्यरत रहेको ठाउँमा निधन हुन गएमा सम्बन्धित कार्यालयले प्रमाणित गरिदिएको आधारमा निजको श्रीमान/श्रीमतीले वा परिवारका अन्य सदस्यले सूचक भई दरखास्त गरेमा व्यक्तिगत घटनाहरु दर्ता गरिदिने । मृतकको स्थायी बसोबास गरेको नगरपालिका वा गाऊँ विकास समितिमा सबै विवरण खोली जानकारी दिनुपर्नेछ, जानकारी प्राप्त गर्ने स्थानीय पञ्जिकाधिकारीले पनि रेकर्ड राखि सो को जानकारी यस मन्त्रालयमा पठाईदिने ।

**(स्थानीय विकास मन्त्रालयको मिति २०५९/६/२३ को परिपत्र)**

**(ख) व्यक्तिगत घटना दर्ताका अभिलेखहरु व्यवस्थित गरी राख्ने सम्बन्धमा गरिएको व्यवस्था:**

(१) गाऊँ विकास समिति र नगरपालिकास्थित स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट दर्ता गरिएका व्यक्तिगत घटनाका सूचना फारामहरु वि.सं. २०५८ वैशाखदेखि जिल्ला विकास समितिको कार्यालयमा अर्को व्यवस्था नभएसम्मको लागि व्यवस्थित गरि सुरक्षित किसिमले राख्न निर्देशन भए बमोजिम सुरक्षित किसिमले राखिएको नै होला ।

यस मन्त्रालयबाट समय समयमा विभिन्न जिल्ला विकास समितिको कार्यालयमा गरिएको अनुगमनको क्रममा केही जिल्लाका गा.वि.स./न.पा.हरुबाट उक्त सूचना फारामहरु जिल्ला विकास समितिको कार्यालयमा प्राप्त हुन नसकेको जानकारी प्राप्त हुन आएकोले यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । व्यक्तिगत घटना दर्ताका सूचना फारामहरु नागरिकका व्यक्तिगत अभिलेख भएकोले तिनलाई सुरक्षित किसिमले राखी आवश्यक परेको समयमा उक्त सूचनाहरु कानूनीरुपमा नै उपलब्ध गराउनुपर्ने अवस्था हुन सक्ने भएकोले उक्त सूचना फारामहरुलाई सबै गाऊँ विकास समिति/नगरपालिकाहरुबाट संकलन गरी सुरक्षित किसिमले राख्न यस मन्त्रालयको च.नं. १६७, मिति २०६०/८/१८ को परिपत्र अनुसार गर्ने गराउने व्यवस्था मिलाउने ।

**(स्थानीय विकास मन्त्रालयको मिति २०६६/६/२७ को परिपत्र)**



(२) व्यक्तिगत घटना दर्ता कार्यक्रमतर्फ २०५८ वैशाखपछि गाऊँ विकास समिति र नगरपालिकाहरुमा दर्ता भई जिल्ला विकास समितिमा प्राप्त हुन आएका सूचना फारामहरुलाई अर्को व्यवस्था नभएसम्म जिल्ला विकास समितिमा नै राख्ने निर्देशन भए अनुसार व्यवस्थित र सुरक्षित रुपले राख्ने काम भएकै होला । भौतिक संरचना नष्ट भएका गाऊँ विकास समितिहरु लगायत प्रतिलिपिको आवश्यकता परेको समयमा ती सूचना फारामहरु खोजतलास गरी उपलब्ध गराउनुपर्ने अवस्था पछिसम्म विद्यमान रहने भएकोले आवश्यकता परेको बखत सजिलो तरिकाले पाउन सकिने गरी सूचना फारामहरुलाई मिति, घटना र गा.वि.स. र न.पा. को क्रम मिलाएर जिल्लामा नै व्यवस्थित गरेर राख्दै जानुपर्ने भएको हुँदा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई सहयोग पुऱ्याउने कुनै दातृ संस्था वा कार्यक्रमहरु भएमा उक्त कार्यक्रमबाट र सो नभए जि.वि.स. को आन्तरिक स्रोतबाट समेत व्यवस्था गरी माथि उल्लेख भए अनुसारको क्रम मिलाएर बुक वाइण्डिङ्ग गरी सुरक्षित एवं व्यवस्थित तवरले राख्ने व्यवस्था मिलाउने ।

**(स्थानीय विकास मन्त्रालयको मिति २०६०/८/१८ को परिपत्र)**

(३) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प. सं. (३-गृह-५२/०६८/०६९ च नं. २३०८ मिति २०६९/२/२६ को पत्र अनुसार "निवेदिका ईश्वरी शर्मा नेपालले विरगञ्ज उ.म. न.पा.को कार्यालयका पंजिकाधिकारी समेतका उपर पदीय दुरुपयोग गरी अड्डामा रहेका कागजात लोप गरी प्रमाण कागज गायव गरेकोमा कारवाही गरी पाऊँ भनी यस आयोग समक्ष दिनुभएको निवेदन माथि आयोगबाट अनुसन्धान हुँदा जनतालाई हरेक काममा अति आवश्यक पर्ने जन्म/मृत्यु दर्ता तथा विवाह दर्ता जस्ता विषयहरु पंजिकरण भएका अभिलेख खोजि भएका बखत फेला पर्न नसकेको भन्ने कुरालाई राम्रो मान्न नसकिने हुँदा जनतासंग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिगत घटना दर्ता सम्बन्धि विवरणहरु अद्यावधिक रुपमा दुरुस्त राखि खोजि भएका बखत सहज रुपमा फेला पार्न सक्ने गरी व्यवस्थित गरी राख्न आवश्यक व्यवस्था मिलाउन सबै स्थानीय निकायहरुलाई निर्देशन दिनु भनी श्री सचिव स्थानीय विकास मन्त्रालयलाई लेखी पठाउन आयोगबाट निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।" भनी लेखी आएकोले व्यक्तिगत घटना दर्ता सम्बन्धी जनतासंग प्रत्यक्ष सरोकार राख्ने कागजात सहजरुपमा फेला पार्न सक्ने गरी व्यवस्थित रुपमा राख्ने व्यवस्था गर्न गराउन सबै स्थानीय पंजिकाधिकारीहरुलाई जानकारी दिन निर्णय अनुसार अनुरोध गरिएको ।

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. ७६१, मिति २०६९।३।१२ को परिपत्र)**

**(ग) कुन मितिदेखि घटेका व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा गरिएको व्यवस्था :**

पञ्जिकरण कार्यक्रम अन्तर्गत कुनै पनि व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई सम्बन्धी घटनाको दर्ता जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) ऐन, २०३३ (संशोधन सहितको) र जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना ( दर्ता गर्ने) नियमावली, २०३४ ले निर्दिष्ट गरेको व्यवस्था अनुरुप गर्नुपर्ने कुरा तहाँ पनि विदितै छ । उक्त ऐन नेपाल अधिराज्यका विभिन्न जिल्लाहरुमा पटक पटक गरी लागू भएको हुँदा जुन जिल्लामा जुन मितिमा सो ऐन लागू भएको छ, सोही

मितिदेखिको मात्र घटना दर्ता गर्नुपर्ने हुन्छ। तर कतिपय स्थानीय पञ्जिकाधिकारीहरुले आफ्नो जिल्लामा सो ऐन लागू हुनुभन्दा अगाडी घटेको घटना समेत दर्ता गर्ने गरिएको देखिएकोले यसबाट कानूनी समस्या समेत उत्पन्न भैरहेको छ। अतः जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ (संशोधन सहितको) जुन मितिमा आफ्नो जिल्लामा लागू भएको छ, सो मितिदेखि घटेको घटना मात्र दर्ता गराउने व्यवस्था गराउन हुन आदेशानुसार त्यहाँको ध्यान आकृष्ट गराईएको छ। यसरी नै स्थानीय पञ्जिकाधिकारीहरुले आफ्नो नाम बुझिने गरी दस्तखत नगरेको र कसैले छाप समेत स्पष्ट नलगाएको देखिंदा कानून तथा न्याय मन्त्रालयबाट त्यस्ता प्रमाण-पत्रलाई अंग्रेजीमा रुपान्तरण गर्न कठिनाई भैरहेको बुझिदा अब उप्रान्त सो सम्बन्धमा पनि स्पष्ट उल्लेख गर्ने व्यवस्था भएको।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०५४/१०/२४ को परिपत्र)**

**(घ) व्यक्तिगत घटना दर्ता सम्बन्धमा गृह मन्त्रालयबाट मिति २०४७।५।१३ को परिपत्र अनुसार गरिएको व्यवस्था :**

स्थायी अस्थायी बसोबास गरेका विदेशी नागरिकहरुको व्यक्तिगत घटना दर्ता गर्नपर्ने नपर्ने ? नेपाली नागरिकले विदेशी केटीसँग विवाह गरेमा वा विदेशी केटाले नेपाली केटीसँग विवाह गरेमा दर्ता गर्ने वा नगर्ने ? नगरपालिका क्षेत्र बाहिरका क्षेत्रमा बसेका व्यक्तिको घटना दर्ता नगरपालिकाले गर्ने नगर्ने ? विश्वकर्मा केटीले उपाध्याय (ब्राम्हण) सँग विवाह गरेमा सामाजिक परम्परा मान्ने वा नमान्ने ? विवाहित जोडिमध्ये दुवै भएर वा कुनै १ जनाले विवाह दर्ता गर्न आएमा मिल्ने नमिल्ने नगरपालिका क्षेत्रभन्दा बाहिरबाट बसाई सराई सरी आएमा कस्तो प्रमाण-पत्र चाहिने आदि समस्यामा निर्देशन मागेकोले निम्न बमोजिम निर्देशन भएको छ :

(१) नेपालमा आई स्थायी वा अस्थायी बसोबास गरेका विदेशी नागरिकको व्यक्तिगत घटना दर्ता गर्न मिल्छ तर जन्मको दर्ता गर्दा सम्बन्धित देशको पासपोर्टको प्रतिलिपि, मृत्युको दर्ता गर्दा अस्पताल वा प्रहरी रिपोर्ट वा कुनै कार्यालय वा योजनामा काम गरिरहेको भए प्रमुखको रीतपूर्वकको प्रमाण-पत्र, विवाह दर्ता गर्दा विवाह गर्ने व्यक्ति विदेशी भएमा पासपोर्टको प्रतिलिपि र नेपाली नागरिक भए नागरिकताको प्रतिलिपि पेश गरी दुवैथरीको सम्बन्धित सूचना फाराममा, रजिष्ट्ररमा समेत सहिछाप गराई प्रमाण-पत्र तथा विदेशी भए विदेशी र स्वदेशी भए ना.प्र.नं. जनाई दिन सक्नेछ।

(२) नेपाली नागरिक (केटा) ले विदेशी नागरिक (केटी) सँग विवाह गरी दर्ता गर्न आएमा विवाह दर्ता गरी दिने।

(३) विदेशी (केटा) ले नेपाली (केटी) सँग विवाह गरी दर्ता गर्न आएमा दफा १ मा उल्लेख भए बमोजिम गर्ने।

(४) नगरपालिका क्षेत्रभन्दा बाहिर गाऊँ विकास समितिका कार्यालयहरुले कुनै पनि घटना दर्ता गर्न आएमा सम्बन्धित नगरपालिका क्षेत्रभित्रका बासिन्दा भए नगरपालिकामा र गाऊँ विकास समितिभित्रको बासिन्दा भए सम्बन्धित गाऊँ विकास समितिमा नै दर्ता गराउनु पर्नेछ।



(५) जात नमिलेको केटा र केटीको विवाह भई दर्ता गराउन आएमा मुलुकी ऐन विवाहवारीको महल अनुसार गर्ने।

(६) विवाह दर्ता गराउनको लागि दुलाहा र दुलही दुवैजना उपस्थित भई सहिछाप गर्नुपर्नेमा यदी दुलाहा र दुलहीमध्ये कुनै एकजना घरदेखि निकै टाढा वा विदेशमा गएको रहेछ तर यहाँ विवाह दर्ता प्रमाण-पत्रको अति जरुरी परेमा दुलाहा वा दुलही एकजनाले मात्र सूचना फाराम भरी विवाह दर्ता गराउन आएमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ (ख) बमोजिम गर्ने।

(७) कुनै व्यक्ति वा परिवारले बसाई सराई दर्ता गर्न आएमा बसोबास गरी आएको नगरपालिका वा गाऊँ विकास समिति जुन स्थानको उसै ठाऊँको प्रमाणित कागज हुनुपर्दछ।

(८) गाऊँ विकास समिति वा नगरपालिका क्षेत्रको ठेगाना (वतन) राखी नागरिकता लिएका व्यक्तिको घटना दर्ता गराउन आएमा जुन गाऊँ विकास समिति वा नगरपालिकामा स्थायी बसोबास गरी आएको छ सोही गाऊँ विकास समिति वा नगरपालिकामा घटना दर्ता गर्नुपर्दछ।

(९) अन्यत्र जिल्लाबाट आएका कर्मचारीहरुको व्यक्तिगत घटना दर्ता सम्बन्धमा कर्मचारी आफु बहाल रहेको जिल्लामा बसोबास गरेको नगरपालिका वा गाऊँ विकास समितिमा घटना दर्ता गर्न सकिनेछ। तर निजको स्थायी बसोबास गरेको नगरपालिका वा गाऊँ विकास समितिमा सबै विवरण खोली जानकारी दिनुपर्नेछ र प्राप्त गर्ने स्थानीय पञ्जिकाधिकारीले पनि रेकर्ड राखि सो को जानकारी यस महाशाखामा दिनुपर्नेछ।

(१०) स्थानीय पञ्जिकाधिकारी बिदामा बसेको समयमा उक्त कार्य सम्बन्धित नगरपालिकाका मुख्य अधिकृतले गर्न सक्नेछ।

**(गृह मन्त्रालयको**
**मिति २०४७/५/१३ को परिपत्र)**

**(ङ) सशस्त्र द्वन्द्व तथा विविध कारणबाट आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्थाः**

विगतमा राज्यमा उत्पन्न सशस्त्र द्वन्द्व तथा विविध कारणबाट आन्तरिक रुपमा विस्थापित भई बाह्य जिल्लाबाट काठमाडौं आश्रय लिई अस्थायी बसोबास गर्दै आएका व्यक्तिहरुको सन्तानको जन्म दर्ता लगायत अन्य व्यक्तिगत घटना दर्ता हाल अस्थायी रुपमा बसोबास गरेको स्थानबाट गर्न सकिने वा नसकिने निर्देशन माग भई आएकोमा सो सम्बन्धमा कारवाही हुँदा नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०६४/३/२५ को निर्णयानुसार द्वन्द्व वा अन्य कारणबाट आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुलाई एक जिल्लाबाट अर्को जिल्लामा विस्थापित भएका व्यक्ति वा निजमा आश्रित परिवार द्वन्द्व वा अन्य कारणबाट विस्थापित भई आएको भनी जिल्ला प्रशासन कार्यालयबाट भएको सिफारिसको आधारमा बसाई सराईको हकमा स्थानीय आदिवासी/जनजाति समुदायको हक अधिकारमा प्रतिकूल

असर नपर्ने गरी हाल अस्थायी बसोबास गरेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट व्यक्तिगत घटना दर्ता गर्न सकिने गरी निर्णय भएको ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६४/४/१० को परिपत्र)**

**(च) जन्म तथा मृत्युको सूचना दिनुपर्ने कर्तव्य भएका व्यक्ति नभएकाको जन्म र मृत्युको सूचना दिने सम्बन्धमा भएको व्यवस्था :**

नेपाल सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको सूचना दिने व्यक्तिको रुपमा देहायको व्यक्तिलाई तोकेको छ :

(१) गाऊँ विकास समितिको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा सदस्यको सिफारिसको आधारमा सम्बन्धित गाऊँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष र निजहरुको पद रिक्त भएको अवस्थामा गाऊँ विकास समितिको सचिव ।

(२) नगरपालिकाको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा सदस्को सिफारिसको आधारमा सम्बन्धित नगरपालिकाका प्रमुख एवं उपप्रमुख र निजहरुको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिसको आधारमा कार्यकारी अधिकृत र वडा सचिवको व्यवस्था नभएको नगरपालिकाको हकमा कार्यकारी अधिकृत

**(नेपाल राजपत्र खण्ड ५२ संख्या ४७, भाग ३**
**मिति २०५९/११/२६ मा प्रकाशित स्थानीय विकास मन्त्रालयको सूचना)**

**(छ) शरणार्थीहरुको बालबालिकाहरुको जन्म दर्ता सम्बन्धमा भएको व्यवस्था :**

नेपालका २१ जिल्लाहरुमा तिब्बती शरणार्थीहरु तथा झापा र मोरङ्ग दुई जिल्लामा भुटानी शरणार्थीहरुको बसोबास रहेकाले ती जिल्लाहरुमा बसेका र शरणार्थी परिचयपत्र पाईसकेका शरणार्थीहरुको परिचयपत्रमा नाम उल्लेख भएका नाबालकहरु तथा बाबुआमाले परिचयपत्र पाईसकेपछि जन्मेका निजका सन्तानहरुको स्थानीय तहमा गाउँ विकास समिति/नगरपालिकाहरुमा छुट्टै रजिष्ट्रर राखी तथ्याङ्क प्रयोजनका लागि मात्र जन्मेको लगत राख्ने व्यवस्था रहेकोछ ।

**(१) भुटानी शरणार्थीहरुको व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा:**

पूर्वी नेपालको झापा तथा मोरङ्ग जिल्लास्थित विभिन्न सातवटा शरणार्थी शिविरहरुमा र शिविर बाहिर गरी झण्डै एकलाखको संख्यामा रहेका भुटानी शरणार्थीहरुको पहिचान तथा प्रमाणिकरणमा सरलता, शरणार्थीहरु नेपाली समाजमा घुलमिल हुनबाट रोक्न र भुटानमा फर्कने समयमा समेत सजिलोपन आउने कुरालाई दृष्टिगत गरी भुटानी शरणार्थीहरुको विवाह दर्ता, जन्म दर्ता तथा मृत्यु दर्ता गरी अभिलेख अद्यावधिक गरी राख्न मनासिव देखिएको भनी लेखिएको गृह मन्त्रालय, शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय इकाईको प.सं. वी/५०२/२००२, मिति २०५९/७/२५ को पत्रका सम्बन्धमा देहाय अनुसार गर्ने गरी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०५९/८/२० मा निर्णय भएको :

(क) शरणार्थीहरुका बालबालिकाको जन्म दर्ता आवश्यक भएको भन्ने गृह मन्त्रालयको अनुरोधलाई ध्यानमा राखि स्थानीय तहका नगरपालिका तथा गाउँ विकास



समितिहरुमा छुट्टै रजिष्टर राखि तथ्याङ्क प्रयोजनका लागि मात्र त्यस्ता घटना दर्ता गर्ने र सो को छुट्टै निस्सा (घटना दर्ता भएको मिति, व्यक्तिको नाम र दर्ता नम्वर) दिने गरी सहयोग पुऱ्याउन परिपत्र गर्ने भनी श्री ५ को सरकार (मा. मन्त्रिस्तर) को मिति २०५९/९/२३ मा निर्णय भएकोले सोही निर्णयानुसार हुन जिल्ला विकास समितिको कार्यालय, झापा र मोरङ्गलाई जानकारी दिने ।

(ख) शरणार्थी-शरणार्थीका बीचमा भएको विवाह र शरणार्थीको मृत्युदर्ता सम्बन्धमा स्थानीय तहका नगरपालिका तथा गाऊँ विकास समितिमा छुट्टै रजिष्टर राखि तथ्याङ्क प्रयोजनका लागि मात्र त्यस्ता घटना दर्ता गर्ने र सो को छुट्टै निस्सा ( घटना दर्ता भएको मिति, व्यक्तिको नाम र दर्ता नम्वर) दिने गरी सहयोग पुऱ्याउन परिपत्र गर्ने ।

(ग) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३, जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ र निर्देशिका अनुसार व्यक्तिगत घटना दर्ता गर्न सम्बन्धित गा.वि.स.का सचिव र नगरपालिकामा खरिदारस्तरका कर्मचारीलाई तोकिएकोले थप व्यवस्था वा अर्को कर्मचारीबाट व्यक्तिगत घटना दर्ताको काम गराउन आवश्यक नभई उपरोक्त कर्मचारीबाटै सम्बन्धित गाऊँ विकास समिति/नगरपालिका क्षेत्रभित्रका शरणार्थीहरुको जन्म, विवाह र मृत्यु दर्ताको नं. १, २ अनुसार अभिलेख निस्सा दिने ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०५९/९/१७ को पत्र)**

**(ज) भुटानी शरणार्थीको व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा :**

भुटानी शरणार्थीहरुको व्यक्तिगत घटना दर्ता गर्ने विषयमा हालसम्म अन्य कुनै नयाँ नीतिगत निर्णय भइसकेको देखिदैन । यस विषयमा गृह मन्त्रालय, शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय इकाईबाट अनुरोध भई आए अनुसार गृह मन्त्रालय र स्थानीय विकास मन्त्रालयले समन्वय गरी कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको समेत राय लिई विभिन्न घटनाहरुको लागि निश्चित फारामहरु तयार गरी प्रमाणित गर्ने नीतिको तर्जुमा गर्ने भनी स्थानीय विकास मन्त्रालयको मिति २०६३/१/५ को निर्णय अनुसार सैद्धान्तिक सहमति भएको छ । यसलाई निश्चित फारामहरु तयार गरी कानूनी व्यवस्था गर्ने सम्बन्धमा गृह मन्त्रालय र स्थानीय विकास मन्त्रालयका बीचमा समन्वय भई काम कारवाहीको थालनी भैरहेकोले नयाँ नीतिगत निर्णय भई अर्को निर्देशन प्राप्त नभएसम्म २०५९/९/१७ को परिपत्र बमोजिम नै तथ्याङ्क प्रयोजनका लागि छुट्टै रजिष्टरमा दर्ता गरी लगत राख्ने र सो को छुट्टै निस्सा (घटना दर्ता भएको मिति, व्यक्तिको नाम र दर्ता नम्वर) सम्म दिने गरी सहयोग पुऱ्याउने ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६३/४/४ को पत्र)**

**(झ) बैशाख १ गतेलाई नेपाल सरकारले व्यक्तिगत घटना दर्ता दिवस घोषणा गरेको सम्बन्धमा :**

नेपाल राज्यमा बसोबास गर्ने व्यक्तिहरुको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराईंका घटनाहरु दर्ता गरी प्रमाणपत्र दिने कार्यलाई व्यवस्थित गर्नको निमित्त नेपाल सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४

सबै ७५ जिल्लाहरुमा सञ्चालन भई प्रत्येक गाऊँ विकास समिति र नगरपालिकाहरुस्थित स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट आफ्नो क्षेत्रभित्रको जन्म, मृत्यु, विवाह लगायतका व्यक्तिगत घटनाहरु नियमित रुपमा दर्ता भई आएको छ ।

यसै सन्दर्भमा व्यक्तिगत घटनाहरु राज्यको तर्फबाट कानूनी रुपमा घटना घटेको वा भएको भनी दर्ता गरी प्रमाणपत्र दिने व्यवस्था भएको र यस किसिमका घटनाहरु स्थानीय निकायबाट नियमित रुपमा घटना घट्ने बित्तिकै दर्ता गर्नुपर्ने भएकोले यस कार्यक्रमको पहुँच सर्वसाधारण नागरिकको घरदैलोमा पुर्‍याई व्यापक प्रचार प्रसार गरी घटना दर्ता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको निमित्त नेपालमा व्यक्तिगत घटना दर्ता प्रारम्भ भएको दिन वैशाख १ गतेलाई "व्यक्तिगत घटना दर्ता दिवस" घोषणा गर्ने र तद्नुरुप प्रचार प्रसार गरी मनाउने भनी मिति २०६६/७/१२ मा नेपाल सरकार (मन्त्रिस्तर) बाट निर्णय भएकोले प्रत्येक वर्ष वैशाख १ गते "व्यक्तिगत घटना दर्ता दिवस" व्यापक प्रचार प्रसार गरी मनाउन र गा.वि.स. र सम्बन्धित अन्य संघ संस्थाहरुमा समेत जानकारी गराइएको ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६६/७/२४ को परिपत्र)**

**(ञ) प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा :**

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र सो सम्बन्धी नियमावली, २०३४ अनुसार दर्ता भईसकेका व्यक्तिगत घटनाको विवरण सच्याउने सम्बन्धमा स्थानीय पञ्जिकाधिकारीका कार्यालयबाट माग भई आउने विवरण सच्याउने कागजातका प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा लेखिदैछ ।

स्थानीय निकाय गाउँ विकास समिति र नगरपालिका कार्यालयबाट जारी गरिने व्यक्तिगत घटना दर्ताका प्रमाणपत्र लगायत अन्य कागजातहरुको आधिकारिकताको लागि जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ तथा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ अनुसार व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण संशोधन गर्न माग भई आएमा सरोकारवाला व्यक्तिले व्यक्तिगत घटना सच्याउन आएको बखत पेश भएका प्रमाणपत्रहरु पहिला दर्ता भएका हो होईन, सच्याउनु पर्ने कारण र आधिकारिकता नखुलेमा सर्जमिन मुचुल्का समेत गरी सच्याउन अनुमती माग गर्ने सेवाग्राहीबाट प्राप्त प्रमाणपत्रहरु समेत स्थानीय पंजिकाधिकारीले प्रमाणित गरि पठाउने व्यवस्था गर्न गराउन हुन अनुरोध छ । प्रमाणित नभएका प्रमाणपत्रहरु साथ अनुमति माग भई आएमा अनुमति प्राप्त नहुने व्यहोरा पनि जानकारी गराइएको ।

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको**
**मिति २०६९।४।२९ को परिपत्र)**

**(ट) स्थानीय पञ्जिकाधिकारी तोकिएको सम्बन्धमा :**

नेपाल सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँ विकास समितिमा देहायका पदाधिकारीलाई स्थानीय पञ्जिकाधिकारी (रजिष्ट्रार) तोकेको छ :-



१. महानगरपालिका, उप-महानगरपालिका र काठमाडौं उपत्यकाभित्रका नगरपालिकाको हकमा सम्बन्धित महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाको वडा सचिव,

२. काठमाडौं उपत्यका बाहेक अन्य नगरपालिकाको हकमा सम्बन्धित नगरपालिकाको वडा सचिव वा वडा सचिव नभएको अवस्थामा पञ्जिाधिकारी (रजिष्ट्रार) को सहमतिमा नगरपालिकाको सचिवले तोकेको स्थानीय निकायको कर्मचारी,

३. गाउँ विकास समितिको हकमा सम्बन्धित गाउँ विकास समितिको सचिव र गाउँ विकास समितिको सचिव नभएको गाउँ विकास समितिमा पञ्जिकाधिकारी (रजिष्ट्रार) ले तोकिदिएको स्थानीय निकायको कर्मचारी ।

मिति २०३४ माघ २४, खण्ड २८, संख्या ३६, मिति २०३५ पुष १०, खण्ड २९, पूर्वातिरिक्ताङ्क ५९. (क), मिति २०६६ फागुन १, खण्ड ३०, संख्या ३०, मिति २०३७ कार्तिक २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन गृह पञ्चायत मन्त्रालयको सूचना, खण्ड ३१, संख्या ३१, मिति २०३८ मंसिर १ खण्ड ३९, संख्या ४८ मिति २०४६ चैत्र ६ को नेपाल राजपत्रमा प्रकाशित गृह मन्त्रालयको सूचना खारेज गरिएका छन ।

**(नेपाल राजपत्र भाग ५ मिति २०६७/४/२४ मा**
**प्रकाशित स्थानीय विकास मन्त्रालयको सूचना)**

**(ठ) जन्मको सूचना फारामको धर्मसम्बन्धी महलमा गरिएको संशोधन सम्बन्धमा :**

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची-२ को जन्मको सूचना फारामको खण्ड ३(छ) मा भएको धर्मसम्बन्धी महलमा हिन्दु, बौद्ध, मुस्लिम, क्रिश्चियन र अन्य भनी उल्लेख भएकोमा अब उपरान्त सूचना फारामको "धर्म" सम्बन्धी महलमा "खाली कोष्ठ" राखी सम्बन्धित सूचकले नै आफ्नो धर्म उल्लेख गर्न सक्ने गरी फारामको व्यवस्था गर्न नेपाल सरकार (मन्त्रिस्तर) बाट मिति २०६७/७/१२ मा निर्णय भएको ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६७/७/१३ को परिपत्र)**

**(ड) व्यक्तिगत घटना दर्ता सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात तथा सवुत प्रमाण संकलन गर्ने जिम्मेवारी सम्बन्धमा :**

जिल्ला विकास समितिको कार्यालय उदयपुर, गाइघाटको च.नं. ३४३, मिति २०६०।६।२५ को पत्र अनुसार सिरिसे गा.वि.स. वडा नं. ६ बस्ने रत्नमाया कोइरालाको मिति २०५९।१।२ गते मृत्यु भएको भनी लोकहरि कोइरालाले मिति २०५९।११।२३ गते मृत्युको सूचना गरी सोही मितिमा मृत्यु दर्ता प्रमाणपत्र लिएको र रत्नमाया कोइराला २००५ सालदेखि हराई बेपत्ता हुनुभएको र निजको मृत्यु भएको छ छैन केही जानकारी नभएकोले झुट्टा विवरण दिई निजको मृत्यु दर्ता गराई मृत्यु दर्ताको प्रमाणपत्र लिएकोले उक्त मृत्यु दर्ता प्रमाणपत्र रद्द गरी पाऊँ भनी सिरिसे गा.वि.स. वडा नं. ८ बस्ने नारायणप्रसाद कोइरालाले सिरिसे गाऊँ विकास समितिको कार्यालयमा निवेदन दिएको र सिरिसे गा.वि.स.को च.नं. ३, मिति २०६०।४।१३ को पत्रबाट रत्नमाया कोइरालाको मिति २०५९।१।२ मा मृत्यु भएको भनी दिइएको प्रमाणपत्र रद्द गर्न जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा १३ बमोजिम आवश्यक कारवाही र सजायको माग गरी जिल्ला प्रशासन कार्यालय उदयपुरमा मिसिल पठाएकोमा उक्त

कार्यालयको मिति २०६०।५।१५ को पत्रबाट "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३१ मा सोही ऐनको अनुसूची १ र २ मा लेखिएका मुद्दा बाहेक नेपाल सरकारबाट चलाइने अन्य मुद्दाका सम्बन्धमा सम्बन्धित कानुनमा मुद्दाको सबुद प्रमाण संकलन गर्ने अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले सबुद प्रमाण संकलन गरी मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष मिसिल एवं सबुद प्रमाण पेश गर्नुपर्नेछ भनी व्यवस्था भएको हुँदा कानुन बमोजिम कारवाही गर्नु" भनी मिसिल फिर्ता आएको ।

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने कार्य गाउँ विकास समिति तथा नगरपालिकाको कार्यालयमा कार्यरत स्थानीय पञ्जिकाधिकारी (गाउँ विकास समितिको कार्यालयको हकमा गाउँ विकास समितिको सचिव) ले गर्ने व्यवस्था भएकोले व्यक्तिगत घटना दर्ता गर्ने कार्यको मुद्दाको सम्बन्धमा सबुद प्रमाण संकलन गर्ने कार्यको लागि कार्यालय प्रमुख को हुने भनी द्विविधा पर्न गएकोले एकिन गरी खुलाई पठाइदिनुहुन भनी जिल्ला विकास समितिको कार्यालयबाट अनुरोध भई आएकोमा कारवाही हुँदा नेपाल सरकार (सचिवस्तर) को मिति ०६०।७।२० को निर्णय अनुसार "गाउँ विकास समितिको हकमा गाउँ विकास समितिको सचिव हालको व्यवस्था अनुसार कार्यालय प्रमुख रहे भएको देखिएकोले निजले नै सबुद प्रमाण संकलन गरी सरकारी वकील समक्ष पेश गर्नुपर्ने" भनी निर्णय भएकोले सोही व्यहोरा जिल्ला विकास समितिको कार्यालय उदयपुरमा लेखि पठाइएको ।

**(ढ) व्यक्तिगत घटना दर्ता सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात तथा सवुत प्रमाण संकलन गर्ने प्रक्रियागत जिम्मेवारी सम्बन्धमा भएको व्यवस्था :**

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा १३ अन्तर्गतको सजाय दावी भएको मुद्धा दफा १४ बमोजिम नेपाल सरकारवादी हुने र सो कसुर अपराध गरेमा स्थानीय पञ्जिकाधिकारीबाट अनुसन्धान तहकिकात भई कानूनी प्रक्रिया पूरा गरी सोही ऐनको दफा १५ बमोजिम मुद्धा हेर्ने अधिकारी समक्ष अभियोग पत्र पेश गर्नुपर्ने भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पत्र लेखी आएको र स्थानीय पञ्जिकाधिकारीले कुन ऐन अन्तर्गत कस्तो कार्यविधि अपनाई तहकिकात गर्ने भनी निर्देशन माग गरेको सम्बन्धमा कारवाही हुँदा "जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई मिति २०६३।६।२९, च.नं. ८०४ को पत्रमा उल्लेख भए बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट अनुसन्धान तहकिकात गरी सरकारी मुद्धा सम्बन्धी ऐन, २०४९ को दफा ३१ बमोजिम सरकारी वकीलको राय लिई मुद्धा हेर्ने अधिकारी समक्ष अभियोग पत्र दायर गर्न र तहकिकात गर्दा सरकारी मुद्धा सम्बन्धी ऐन र नियमावलीले तोकेको कार्यविधि अपनाउन भनी जि.वि.स. काठामाडौंलाई लेखी पठाउने" भनी मिति २०६३।९।३० को नेपाल सरकार ( सचिवस्तरीय) निर्णय भएको हुँदा निर्णय अनुसार हुन पुनिता चौधरी झाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सरोजनी मानन्धर भएको विवाह घटना दर्ता बदर सम्बन्धी काठमाडौं जिल्ला विकास समितिको कार्यालयबाट प्राप्त हुन आएको सक्कल मिसिल समेत सम्बन्धित कार्यालयमा फिर्ता पठाइएको ।



**(ण) सुकुम्बासी परिवार र ऐलानी जग्गामा बसोबास गर्ने व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा :**

गुलरिया नगरपालिकाका विभिन्न वडाहरुमा ऐलानी जग्गाहरुमा बसोबास गर्दै आईरहेका सुकुम्बासी तथा मुक्त कमैयाहरुसँग बर्दिया जिल्लाकै विभिन्न गा. वि. स. तथा अन्यत्र जिल्लाहरुबाट बनेको नागरिकतामा रहेको र सम्बन्धित गा.वि.स. बाट बसाईं सराईको प्रमाणपत्र लिई आएका तर उक्त न.पा. क्षेत्रमा निजहरुको कुनै जग्गा जमिन नभएको र कतिपय सुकुम्बासीको रुपमा रही बसाई सराईको प्रमाणपत्र नै नभएका नागरिकहरुको मतदाता नामावलीमा नाम समावेश गर्नका लागि नागरिकताको प्रमाणपत्र आवश्यक पर्ने तर निजहरुका व्यक्तिगत घटना ( बसाई सराई लगायत अन्य) दर्ता गर्न समस्या सिर्जना भएको भनी मिति २०६७/६/१७, च.नं. १३५९ को पत्र प्राप्त भई पेश हुँदा देहाय बमोजिमको निर्णय भएको:-

(१) अन्य गा.वि.स. /न.पा. बाट बसाईं सराईं दर्ता प्रमाणपत्र लिएर आएका सम्बन्धित गा.वि.स. /न.पा. मा स्थायी रुपमा घर जग्गा नभई अस्थायी रुपमा बसोबास गरिरहेका नागरिकहरुको हकमा सम्बन्धित गा.वि.स. /न.पा. ले आफ्नो क्षेत्रमा त्यसरी बसोबास गर्ने परिवारको लगत राखी बसाईं सराईं दर्ता गरी प्रमाणपत्र दिन सक्ने । (फरम्याटको नमुना अनुसूचीमा संलग्न छ)

(२) सुकुम्वासी वा मुक्त कमैयाको रुपमा गा.वि.स. वा न.पा.मा बसोबास गरेका नागरिकहरुको सम्बन्धित गा.वि.स. वा न.पा. ले पारिवारिक रुपमा लगत तयार गरेर निजहरुको व्यक्तिगत घटना दर्ता गर्ने । (फरम्याटको नमुना अनुसूचीमा संलग्न छ)

(३) बुँदा नं. १ र २ को पारिवारिक लगतलाई सम्बन्धित गा.वि.स. वा न.पा. ले प्रशासनिक अभिलेखको रुपमा सुरक्षित तवरले राख्ने व्यवस्था मिलाउनु पर्ने ।

(४) माथि उल्लेख भए बमोजिम घटना दर्ता गर्नको लागि सरोकारवाला व्यक्ति नेपाली नागरिक भएको एकीन हुनुपर्ने ।

(५) सूचक, सूचना फाराम, दण्ड जरिवाना र व्यक्तिगत घटनाका दर्ताका अन्य सबै प्रावधानहरु जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ तथा नियमावली, २०३४ र अन्य प्रचलित कानून बमोजिम हुने ।

**(त) व्यक्तिगत घटना दर्ताको संशोधन गर्ने सम्बन्धमा कानुन तथा न्याय मन्त्रालयबाट प्राप्त भएको राय :**

"जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ९क. बमोजिम दर्ता भएको उमेर, नाम र जात निःशुल्क सच्याउने व्यवस्था रहेको भए तापनि एक पटक दर्ता भईसकेको विवाहको विवरण सच्याउन वा संशोधन गर्न सकिने वा नसकिने सो सम्बन्धमा सो ऐनमा स्पष्ट व्यवस्था भएको देखिदैन । तर सो ऐन अन्तर्गत बनेको जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को नियम ९ मा दर्ता भईसकेको व्यक्तिगत घटनाको विवरण कुनै कारणले सच्याउनु परेमा सो नियमको कार्यविधि पूरा गरी सच्याउन सकिने र जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा २ को खण्ड (क) बमोजिम "व्यक्तिगत घटना भन्नाले विवाह समेत जनाउने देखिंदा सोही बमोजिम विवाह सम्बन्धी विवरण पनि सोही नियमावलीको सोही नियमको अधिनमा रही सच्याउन सकिने देखिएको ।"

साथै जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को उपदफा ९क. को प्रावधान अनुकूल जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को नियम ९ को व्यवस्था रहेको नदेखिंदा सो अनुकूल हुने गरी सो नियमावलीमा आवश्यक व्यवस्था गर्नुपर्ने सम्बन्धमा त्यस मन्त्रालयको ध्यानाकर्षण गराईन्छ ।

**(कानून तथा न्याय मन्त्रालयको**
**मिति २०६७/४/४ को पत्रबाट प्राप्त राय)**

**(थ) कन्सुलर प्रमाणिकरणको लागि भएको व्यवस्थाः**

प्रस्तुत विषयमा त्यस मन्त्रालयको संकेत नं.क.नं./प्रमाणिकरण ९६३ मिति २०६७।९।११ को कन्सुलर प्रमाणिकरण सम्वन्धी पत्र अनुसार स्थानीय निकाय (गा.वि.स./नगरपालिका) हरुवाट जारी गरिने व्यक्तिगत घटना दर्ता (जन्म, मुत्यु, विवाह, सम्वन्ध-विच्छेद र बसाईसराई) र नाता प्रमाणित सम्वन्धी कागजपत्रहरुमा कन्सुलर प्रमाणिकरण गर्ने कार्यको लागि यस मन्त्रालयको प. सं. ०६७।६८ च.नं. २२३ मिति २०६७।९।२९ को पत्रअनुसार जिल्ला विकास समितिको कार्यालय र नगरपालिकाको कार्यालयवाट तोकिएका पदाधिकारीहरुको प्रमाणिकरणको आधारमा यस मन्त्रालयबाट कन्सुलर प्रमाणिकरणको लागि प्रमाणित गरी पठाईने कार्यहुदै आएकोमा यस व्यवस्थाबाट अनावश्यक तह थपिन गई सेवाग्राही लाई मर्का पर्न गएकोले मौजुदा व्यवस्थालाई परिवर्तन गरी नेपाल सरकार (सचिवस्तर) को मिति २०६८।२।२४ को निर्णय अनुसार स्थानीय निकाय (गा.वि.स./नगरपालिका) बाट जारी भएका व्यक्तिगत घटना दर्ता, नाता प्रमाणित सम्वन्धी प्रमाणपत्रहरुमा स्थानीय निकायहरु (जिविस./नपा) बाट जारी देहाय बमोजिम प्रमाणित भए पछि कन्सुलर प्रमाणिकरणका लागि सिधै परराष्ट्र मन्त्रालयबाट कन्सुलर प्रमाणिकरण गर्ने निर्णय अनुसार गर्न गराउन हुन अनुरोध गरिएको ।

१) कन्सुलर प्रमाणिकरणको सहज र सरल प्रक्रियाको अवलम्वन गर्न गाविस स्थित स्थानीय पञ्जिकाधिकारीले जारी गरेका प्रमाणपत्रहरुमा स्थानीय विकास अधिकारी, योजना अनुगमन तथा प्रशासकीय अधिकृत वा कुनै अधिकृत स्तरको कर्मचारीले प्रमाणित गरी आएका व्यक्तिगत घटना प्रमाणपत्रहरुका कन्सुलरले प्रमाणिकाण गर्ने ।

२) नगरपालिका स्थित स्थानीय पञ्जिकाधिकारीले जारी गरेका व्यक्तिगत घटनाका प्रमाणपत्रहरुमा कार्यकारी अधिकृत वा नगरपालिकाका कुनै अधिकृतले प्रमाणित गरी आएका प्रमाणपत्रहरुमा कन्सुलरले प्रमाणिकरण गर्ने ।

३) प्रमाणिकरणलाई विश्वासिलो र सहज बनाउन परराष्ट्र मन्त्रालयले जिविस, नपाका अधिकृत कर्मचारी (प्रमाणिकरणको अधिकार भएका) को नमूना दस्तखतको अभिलेख राख्न सक्ने ।

४) उपरोक्त बमोजिम नयाँ व्यवस्थाको थालनी २०६८।३।१ गतेबाट प्रारम्भ गर्ने ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६८/२/२५ को परिपत्र)**

**(द) मानव शरिरको अङ्ग प्रत्यारोपणको सिफारिश सम्बन्धमा :**

परराष्ट्र मन्त्रालय कन्सुलर तथा कानुनी परामर्श शाखा त्रिपुरेश्वरको संकेत नं. कन. का/विविध/३२५ मिति २०६९।५।३ को पत्रअनुसार तहाँ मन्त्रालय तथा अन्तरगतका निकायहरुबाट मानव शरिरको अंग प्रत्यारोपणका लागि जारी हुने नाता प्रमाणित तथा सिफारिशपत्रहरु मानव शरीरको अङ्ग प्रत्यरोपण (नियमित तथा निषेध) ऐन, २०५५ बमोजिम कुनै व्यक्तिको सम्बन्धमा **"नजिकको नातेदार भन्नाले सो व्यक्तिको छोरा, छोरी, आमा, बाबु, दाजु, भाइ, दिदी, बहिनी, काका, भतिजा, भतिजी, बाबुतर्फको बाजे, बज्यै, छोरातर्फको नाति, नातिनी, छोरी तर्फको नाति, नातिनी र विगत दुई वर्षदेखि अटुट रुपमा नाता सम्बन्ध कायम रही आएको पति, पत्नी, धर्मपुत्र, धर्मपुत्री सौतेनी आमा, सौतेनी बाबु र सासु, ससुरा समेतलाई सम्झनु पर्छ ।" भन्ने व्यवस्था भएको हुँदा सोही प्रावधान अनुसार सिफारिश गर्नु गराई दिनुहुन निर्देशानुसार अनुरोध छ** भनी लेखि आएको हुनाले सोही अनुसार गर्न गराउनहुन आदेशानुार अनुरोध गरिएको ।

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको**
**मिति २०६९/५/२५ को परिपत्र)**

**(ध) निवृत्तिभरण प्रयोजनको लागि मृत्युको घटना दर्ता गर्ने सम्बन्धमा :**

"काठमाडौं महानगरपालिका, वडा नं. ३५ निवासी दावा दोर्जे सिन्तानको मृत्यु दर्ताको प्रमाण-पत्रमा रणबहादुर सिन्तान समावेश गर्न राय माग भई आएको सन्दर्भमा कारवाही हुँदा "............" भन्ने "..........." एकै व्यक्ति हुन भनी संशोधन माग भई आएमा सोही बमोजिम निर्देशन दिन सकिने अवस्था देखिएकोले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा रहेको अभिलेख किताबमा " निवृत्तिभरणको प्रयोजनको लागि" भनी कैफियत महलमा उल्लेख गर्ने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६७।१०।४ मा निर्णय भएकोले दावा दोर्जे सिन्तान भन्ने रणवहादुर सिन्तान एकै व्यक्ति हुन भन्ने प्रमाणित भएमा सोही बमोजिम गर्नु, गराउनु हुन निर्णय अनुसार अनुरोध छ।" भनी काठमाडौं महानगरपालिकालाई लेखि पठाइएको ।

**(स्थानीय विकास मन्त्रालयको**
**मिति २०६७/१०/०५ को पत्र)**

**(न) व्यक्तिगत घटनाको विवरण सच्याउने कागजातका प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा :**

स्थानीय निकाय गाउँ विकास समिति र नगरपालिका कार्यालयबाट जारी गरिने व्यक्तिगत घटना दर्ताका प्रमाणपत्र लगायत अन्य कागजातहरुको आधिकारिकताको लागि जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ तथा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ अनुसार व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण संशोधन गर्न माग भई आएमा सरोकारवाला व्यक्तिले व्यक्तिगत घटना सच्याउन आएको बखत पेश भएका प्रमाणपत्रहरु पहिला दर्ता भएको हो होइन, सच्याउनु पर्ने कारण र आधिकारिकता नखुलेमा सर्जमिन मुचुल्का समेत गरी सच्याउन अनुमती माग गर्ने सेवाग्राहीबाट प्राप्त प्रमाणपत्रहरु समेत स्थानीय पञ्जिकाधिकारीले प्रमाणित गरी पठाउने व्यवस्था गर्न गराउन हुन अनुरोध छ। प्रमाणित नभएका प्रमाणपत्रहरु साथ अनुमति माग भई आएमा अनुमती प्राप्त नहुने व्यहोरा पनि जानकारी गराइएको छ ।

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको**
**च.नं. ७६, मिति २०६९।४।२९ को परिपत्र)**

**(प) पञ्जिकाधिकारी तोकिएको सम्बन्धमा :**

नेपाल सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ३ को प्रयोजनको लागि पञ्जिकाधिकारी (रजिष्ट्रार) को कार्य गर्न यस मन्त्रालयको जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखाका उप-सचिवलाई तोकेको छ ।

खण्ड ५९, संख्या १५, मिति २०६६।४।१२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित स्थानीय विकास मन्त्रालयको सूचना खारेज गरिएको छ ।

**(नेपाल राजपत्र भाग ५, खण्ड ६२, संख्या ७, मिति २०६९।२।१५ मा प्रकाशित सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना)**

**(फ) संरक्षण गृहमा हुर्केका व्यक्तिको व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धमा :**

प्रस्तुत विषयमा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौको प.सं.०७०/७१ च.नं. १२८ मिति २०७०/३/१३ को पत्रको सन्दर्भमा कारवाही हुँदा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने नियमावली २०३४ को नियम ३(क) अनुसार "संरक्षण गृहमा हुर्केका व्यक्तिको व्यक्तिगत घटना दर्ता हुनु सम्बन्धित व्यक्तिको अधिकारको विषय भएको र जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (४) मा जन्म र मृत्युको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा नेपाल सरकराले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि तोकेको व्यक्तिले त्यस्तो सूचना दिनुपर्नेछ" भनी उल्लेख भएवाट पनि यस्तो अधिकारको रक्षा गर्नुपर्ने दायित्व सरकारको भएको पुष्टि हुने र मिति २०५९/११/२६ मा नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम यस्तो अवस्थामा गाविसका अध्यक्ष/ उपाध्यक्ष/सचिव र न.पा.को हकमा न.पा.का प्रमुख/उपप्रमुख कार्यकारी अधिकृत सूचक बन्ने व्यवस्था देखिएकोले देहाय वमोजिम निर्देशन दिने गरि रजिष्ट्रार (पञ्जिकाधिकारी) वाट निर्णय भएकोले आवश्यक कारवाहीको प्राप्त पत्रहरु यसैसाथ संलग्न राखी फिर्ता पठाइएको व्यहोरा अनुरोध छ ।

"जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ को दफा ४ को उपदफा (४) र मिति २०५९/११/२६ को नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिमको प्रक्रियाका आधारमा जन्म दर्ता नभएको भए सम्बन्धित गा.वि.स/न.पा.का सचिव/कार्यकारी अधिकृतले आवश्यक प्रकृया पुरा गरी सूचक वनेर जन्म दर्ता गरी विवाह दर्ताको कारवाही गर्ने"

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७०।४।२७ को परिपत्र)**

**(ब) अविवाहित प्रमाणिकरण सम्बन्धमा :**

प्रस्तुत विषयमा यस मन्त्रालयको प.सं.०६९/७० च.नं. ८१० मिति २०७०/१/२२ को अविवाहित प्रमाणित सम्बन्धी पत्रको सन्दर्भमा लेखिदैछ । उक्त पत्र अनुसार प्रचलित कानून तथा यस मन्त्रालयको कन्सुलर प्रमाणिकरण गर्ने पत्र समेतले अविवाहित प्रमाणित गर्ने अधिकार स्थानीय निकायलाई प्रदान गरेको नदेखिएकोले अविवाहित प्रमाणित गर्न मिल्ने नदेखिएको भनि सबै जिल्ला विकास समितिको कार्यालय र नगरपालिकाको कार्यालयमा परिपत्र गरिएकोमा अविवाहित प्रमाणिकरण सम्बन्धी विषय पनि नागरिकको जीवन संग प्रत्यक्ष सरोकार राख्ने



विषय भएको र सो कार्य रोकिंदा नागरिकलाई प्रत्यक्ष असर पर्ने भएको हुनाले यस मन्त्रालयको मिति २०७०/४/९ को निर्णय अनुसार देहायको प्रक्रिया अपनाई स्थानीय निकायले अविवाहित प्रमाणिकरण गर्न सक्ने निर्णय भएको हुँदा आवश्यक कारवाहीको लागि निर्णयानुसार अनुरोध गरिएको ।

१) अविवाहित प्रमाणिकरणको लागि सम्बन्धित व्यक्तिले सम्बन्धित गाउँ विकास समिति/न.पा.को कार्यालयमा निवेदन गर्नुपर्ने । उक्त निवेदनमा निवेदकको बाबु/आमा वा संरक्षकले अविवाहित रहेको सनाखत गरिदिनुपर्ने । निवेदनको ढाँचा यसैसाथ संलग्न छ ।

२) अविवाहित प्रमाणिकरणको लागि निवेदन प्राप्त भएपछि सम्बन्धित गा.वि.स./ न.पा.ले निजको बाबु/आमा वा संरक्षकको उपस्थितिमा निवेदक वसोवास गर्ने सम्बन्धित वडाका कम्तीमा १ जना वडा सदस्य सहित नागरिकता प्राप्त त्यसै वडाका कम्तिमा ५ जनाको सर्जमिन मुचुल्काको आधार लिएर अविवाहित रहेको प्रमाणिकरण गरिदिन सक्ने । स्थानीय निकायमा जनप्रतिनिधि नरहेको अवस्थामा सर्जमिन मुचुल्कामा निवेदकको बाबु/आमा वा संरक्षकको उपस्थितमा वडा नागरिक मञ्चका कम्तिमा १ जना प्रतिनिधि सहित कम्तिमा ५ जनाको सर्जमिन मुचुल्काको आधार लिनुपर्ने । सर्जमिन मुचुल्का गरिदिने व्यक्तिको नागरिकताको फोटोकपी संलग्न हुनुपर्ने ।

३) अविवाहित प्रमाणिकरण आवश्यकता अनुसार संलग्न प्रमाणिकरणको ढाँचामा गा.वि.स./न.पा.ले सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनुपर्ने ।

४) अविवाहित प्रमाणिकरण गरेका व्यक्तिको गा.वि.स./ न.पा.ले अभिलेख राख्नुपर्ने ।

**(सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७०।४।१३ को परिपत्र)**

**(भ) व्यक्तिगत घटना दर्ता सम्बन्धमा स्थानीय पञ्जिकाधिकारीलाई दिइएको निर्देशन**

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ तथा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ लागु भएपछि जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद तथा बसाई सराई जस्ता प्रमुख ५ (पाँच) व्यक्तिगत घटनाहरु दर्ता गर्ने कार्य नेपाल राज्यका बिभिन्न जिल्लाहरुमा २०३४ सालदेखि चरणबद्धरुपमा लागू भई २०४७ सालदेखि राज्यका सम्पूर्ण जिल्लाहरुमा सञ्चालन भैरहेको छ ।

१. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३, जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने नियमावली २०३४ र समय समयमा यस मन्त्रालय (व्यक्तिगत घटना दर्ताका सम्बन्धमा यस मन्त्रालयमा हस्तान्तरण हुनुभन्दा अघि गृह मन्त्रालय) बाट भएका परिपत्र र निर्देशनको आधारमा स्थानीय पञ्जिकाधिकारीले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराईका घटना दर्ता गर्नुपर्दछ ।

२. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने कार्य विभिन्न जिल्लाहरुमा विभिन्न मितिमा लागू भएकोले जुन जिल्लामा जुन मितिदेखि सो ऐन/नियम लागु

भएको छ, सोही मितिदेखि घटेका घटना मात्र दर्ता गर्ने । (सम्बन्धित जिल्लामा ऐन र नियमावली लागू हुनुभन्दा अगाडि घटेका कुनै पनि घटना दर्ता नगर्ने ) ।

३. जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराईका घटना दर्ता गराउन आउने व्यक्तिलाई सम्बन्धित घटना दर्ता सूचना फाराम निःशुल्क उपलब्ध गराउने ।

४. ऐन नियमले तोकेको म्यादभित्र सूचकले भरेर पेश गरेको सूचना फारामको विवरण ठीक भएमा सो विवरण दर्ता किताबमा चढाई सम्बन्धित व्यक्तिलाई घटना दर्ताको प्रमाणपत्र निःशुल्क रुपमा उपलब्ध गराउने । (घटना घटेको ३५ ( पैंतीस) दिनभित्रमा घटना दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।)

५. स्थानीय पञ्जिकाधिकारीले आफ्नो गाउँ बिकास समिति/नगरपालिकामा घटना दर्ता भएका सूचना फारामहरु हरेक महिनाको ७ (सात) गतेभित्र सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा बुझाई सक्नुपर्दछ । उक्त अवधिमा कुनै घटना दर्ता हुन नआएको भए पनि सोही व्यहोरा उल्लेख गरी प्रतिवेदन दिनुपर्दछ ।

६. नगरपालिकाको वडामा कार्यरत स्थानीय पञ्जिकाधिकारीले आफ्नो वडामा दर्ता भएका सूचना फारामहरु प्रत्येक महिनाको ५ (पाँच) गतेभित्र सम्बन्धित नगरपालिकाको कार्यालयमा बुझाई मासिक प्रतिवेदन दिनुपर्दछ । उक्त अवधिमा कुनै घटना दर्ता हुन नआएको भए पनि सोही व्यहोरा उल्लेख गरी प्रतिवेदन दिनुपर्दछ ।

७. सूचना फाराममा स्थानीय पञ्जिकाधिकारीले नाम, थर र मिति समेत स्पष्ट बुझिने गरी दस्तखत गर्ने र स्थानीय पञ्जिकाधिकारीको कार्यालयको छाप समेत लगाई प्रमाणित गरी राख्नुपर्दछ ।

८. सूचकले भरेको सूचना फारामहरु संलग्न गरी व्यक्तिगत घटना अनुसार क्रमबद्ध रुपमा फाइल गरेर महिना बितेको ७ (सात) दिनभित्र जिल्ला विकास समितिको कार्यालयमा पठाउनुपर्दछ । जिल्ला विकास समितिले उक्त सूचना फारामहरुलाई व्यवस्थित रुपमा अभिलेख गरी राख्नुपर्दछ ।

९. व्यक्तिगत घटना दर्ता गर्दा सूचकसँग लिइने शुल्क तथा जरिवाना दस्तुर लिंदा सूचकलाई नगदी रसिद दिने र यस्तो रकमको फाँटवारी तयार गरी प्राप्त रकम प्रचलित नियमानुसार स्थानीय निकायको आम्दानी जनाई श्रेस्ता तयार गर्ने ।

१०. सूचक लेखपढ गर्न नजान्ने भए स्थानीय पञ्जिकाधिकारीले सूचना फाराम भरी भरेको विवरण सूचकलाई पढेर सुनाई सो फारामको निर्दिष्ट स्थानमा सूचकको बुढी औंठाको दाँया बाँया ल्याप्चे सहिछाप लगाउनु पर्दछ ।

११. सूचकले भरेको सूचना फाराम दर्ता भइसकेपछि केरमेट गर्नु हुँदैन । लेख्नुपर्ने कुरा छुट भएमा वा लेख्न नपर्ने कुरा लेखिन गएमा सो कुरा दर्ता किताबको कैफियत महलमा लेख्न पर्दछ । केरमेट भएमा सो ठाउँमा दस्तखत वा ल्याप्चे सहिछाप गराउनुपर्दछ ।



१२. अनुसूची, सूचना फाराम, दर्ता किताव र प्रमाणपत्र कालो मसीले मात्र भर्नुपर्दछ ।

१३. सूचना फाराममा सूचकको हस्ताक्षर सही तथा दायाँ बायाँ बुढी औंठाको ल्यपप्चे सहीछाप पनि लगाउनु पर्छ । लेखपढ गर्न नजान्ने सूचकको हकमा ल्याप्चे सहीछाप मात्र गराए हुन्छ ।

१४. नेपालमा बसी आएका विदेशी नागरिकले आफ्ना बच्चाको जन्म दर्ता गराउन आएमा ऐन, नियमावली र मन्त्रालयबाट भएका परिपत्रहरुको आधारमा रित पुर्‍याई जन्म दर्ता गरी प्रमाणपत्र दिनुपर्छ । त्यसरी प्रमाणपत्र दिंदा सो प्रमाण-पत्रमा जुन देशको नागरिक हो, त्यस देशको नाम उल्लेख गरी दिने गर्नुपर्छ ।

१५. सम्बन्ध बिच्छेद घटना दर्ता गराउन आउने व्यक्तिसँग अदालतको आदेशले सम्बन्ध विच्छेद भएको भए त्यस्तो आदेश वा फैसलाको प्रमाणित नक्कल लिई सो नक्कललाई सूचना फारामसँग राखी सम्बन्ध विच्छेदको घटना दर्ता गर्ने ।

१६. सामाजिक रीतिरिवाज, परम्परा वा विवाह दर्ता ऐन, २०२८ अनुसार भएको विवाहलाई दर्ता गर्ने । विवाह दर्ता गर्ने ऐन, २०२८ अनुसारको विवाह दर्ता गर्दा स्थानीय पञ्जिकाधिकारीले विवाह दर्ता प्रमाणित गर्ने अधिकारीले प्रदान गरेको प्रमाण-पत्रको प्रतिलितिसमेत संलग्न गरी राख्नुपर्दछ ।

१७. एकैपटकमा एकभन्दा बढी शिशु जन्मिएमा घटना दर्ता गर्न आएमा छुट्टाछुट्टै सूचना फाराम भर्न लगाई दर्ता गरी सो व्यहोरा दर्ता किताबमा उल्लेख गरी छुट्टाछुट्टै प्रमाण-पत्र दिने ।

१८. सूचकको हकमा ऐनमा उल्लेख भए अनुसार गर्ने र आमाबाबुको पत्तो नलागेको शिशु जन्मेको घटना दर्ता गर्नुपर्दा वा मृतकको सूचक नभएको अवस्थामा गाउँ विकास समिति/नगरपालिकाको सम्बन्धित वडा सदस्यको सिफारिसको आधारमा गाउँ विकास समितिका अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाका प्रमुख वा उपप्रमुखले सूचक भई घटना दर्ता गर्न आएमा स्थानीय पञ्जिकाधिकारीले घटना दर्ता गरी प्रमाणपत्र उपलब्ध गराउने र सोही व्यहोरा दर्ता किताबको कैफियत महलमा जनाउने ।

१९. जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराईका घटना दर्ता किताबहरु आगो पानी आदिले क्षति पुर्‍याउने र नहराउने गरी स्थानीय पञ्जिकाधिकारीले सुरक्षित साथ राख्नु पर्दछ ।

२०. स्थानीय पञ्जिकाधिकारी सरुवा भई गएमा वा आफ्नो पदबाट राजीनामा दिएमा वा सेवाबाट हटेमा आफ्नो जिम्मामा रहेको सम्पूर्ण कागजातहरु र दर्ता किताव नियमानुसार बरबुझारथ गरी जानु पर्दछ । सो को एकप्रति कागजातहरु जिल्ला विकास समितिको कार्यालयमा र नगरपालिकाको वडामा कार्यरत स्थानीय पञ्जिकाधिकारीले नगरपालिकामा समेत पठाउनु पर्दछ ।

२१. एक जिल्लाबाट अर्को जिल्लामा बसाई सराई गरी जाने व्यक्तिको बसाई सराईको प्रमाण-पत्र लिएको मितिले ३५ दिनभित्र बसाई सराई भई जाने जिल्लाको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा पेश गरी सक्नु पर्नेछ। सो को आधारमा स्थानीय पञ्जिकाधिकारीले बसाई सरी आएको प्रमाणपत्र दिनुपर्दछ।

२२. स्थानीय पञ्जिकाधिकारीले घटना दर्ता भइसकेपछि तलको नमूना बमोजिमको छाप लगाई स्थानीय पञ्जिकाधिकारीले नाम, थर, दर्जा लेखी दस्तखत गरी सूचकलाई प्रमाणपत्र दिने।



नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पञ्जिकाधिकारीको कार्यालय,
.......... गाऊँ विकास समिति
............. जिल्ला
२०५०

**(गाउँ विकास समितिमा अवस्थित स्थानीय पञ्जिकाधिकारीको कार्यालयको छापको नमुना)**

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पञ्जिकाधिकारीको कार्यालय,
.......... महा। उप। नगरपालिका
वडा नं.........
............. जिल्ला
२०५०

**(नगरपालिकामा अवस्थित स्थानीय पञ्जिकाधिकारीको कार्यालयको छापको नमुना)**

# निर्देशन तथा परिपत्रहरुसंग सम्वन्धित अनुसूचिहरु

**अविवाहित प्रमाणिकरण निवेदनको ढाचाँ :**

**विषयः अविवाहित प्रमाणिकरण गरी पाउँ ।**

श्रीमान् अध्यक्षज्यू/सचिवज्यू
गाउँ विकास समिति/नगरपालिका कार्यालय
....................................................

म यस गाउँ विकास समिति /न.पा. को स्थानीय वासिन्दा भएको र हालसम्म म अविवाहित भएको कारण अविवाहित प्रमाणिकरणको सिफारिश गरीदिनुहुन देहायका विवरणहरु खुलाई यो निवेदन दिएको/दिएकी छु ।

**विवरण**

१) बाबुको नाम (नेपाली)
अंग्रेजी
२) आमाको नाम (नेपाली)
अंग्रेजी
३) वाजेको नाम (नेपाली)
अंग्रेजी
४) जन्म मिति
५) स्थायी ठेगाना
६) जन्म दर्ता नं.

जन्म दर्ता गरेको मिति
जन्म दर्ता गरेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय र ठेगाना
७) नागरिकता प्रमाणपत्र नं.
लिएको जिल्लाः
लिएको मितिः
८) संरक्षकको नाम र ठेगाना
(संरक्षकले पालन पोषण गरेको अवस्थामा)
९) संरक्षकसंगको नाता

माथि उल्लेख गरेका विवरणहरु साँचो र सत्य हुन् । यसमा फरक परे कानुन अनुसार सजाय भोग्न तयार छु ।

**बाबु/आमा वा संरक्षकको हस्ताक्षर**

नामः
ठेगानाः
नाताः
मितिः

फोटो

**निवेदकको**
हस्ताक्षर
नामः
ठेगानाः
मितिः



**वैवाहिक स्थिती प्रमाणिकरण प्रमाणपत्रको ढाचाँ :**

...............गाउँ विकास समिति/नगरपालिकाको कार्यालय
......................जिल्ला

**विषयः वैवाहिक स्थिति प्रमाणिकरण ।**

यस गा.वि.स/न.पा. को वडा नं................................मा बस्ने ............को नाति/नातिनी (वावुको नाम लेख्ने) ....................................................र (आमाको नाम लेख्ने) ........................................को छोरा/छोरी.........................ले र अविवाहित प्रमाणिकरणको लागि मिति ......................मा यस गा.वि.स/न.पा. कार्यालयमा निवेदन दिनु भएकोमा निजको स्वघोषणा तथा सम्बन्धित वडामा साक्षी सर्जमिन बुझ्दा निज मिति.......................सम्म अविवाहित रहनु भएको देखिन आएको व्यहोरा प्रमाणित गरिन्छ ।

अविवाहित प्रमाणिकरणवालाको दस्तखतः
अविवाहित प्रमाणिकरणवालाको फोटो

प्रमाणित गर्ने गा.वि.स./न.पा.को पदाधिकारीः
हस्ताक्षर :
नाम :
पद :
ठेगाना :
मिति :

Office of _____________ Village Development Committee/Municipality

______________ District

**<u>Subject: Certification of Marital Status</u>**

This is to certify that Mr. (Ms.) _____*(unmarried person's name)*_______, grandchild of Mr. (Mrs.) _____*(grandparent's name)*____ and child of Mr. ___*(father's name)*___ and Mrs. ____*(mother's name)*____ residing in this village development committee/municipality at ward number _____, and whose application letter dated ________ for marital status certification received at this village development committee/municipality, and according to his/her self declaration and witnesses at the ward level, has been found to be single in marital status till _____*(date)*______.

Unmarried person's signature: ____________________________

Unmarried person's photograph

Certifying VDC/Municipality
Authorized Person's Designation: _______________
Signature: _______________
Name: _______________
Address: _______________
Date: _______________

## स्थानीय रुपमा जग्गा जमिन नभई बसाईसराईको प्रमाणपत्र लिई बसाई सराई दर्ता गर्ने नागरिकहरुको परिवारको लगत सम्वन्धी विवरण

गाऊँ विकास समिति/नगरपालिकाको कार्यालय
......................... जिल्ला

परिवारको मुख्य व्यक्तिको नाम :
गा.वि.स./न.पा................. वार्ड नं.: टोल/वस्ती:

**परिवारिक विवरण**

| क्र.स. | परिवारको सदस्यको नाम थर | जन्म मिति वा उमेर | मुख्य व्यक्तिसंगको नाता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**लगत राख्ने कर्मचारीको**
नाम :
हस्ताक्षर :
पद :
मिति :

**प्रमाणित गर्ने कर्मचारीको**
नाम :
हस्ताक्षर :
पद :
मिति :

## सुकुम्वासी/मुक्त कमैयाको परिवारको लगत सम्वन्धी विवरण

गाऊँ विकास समिति/नगरपालिकाको कार्यालय
......................... जिल्ला
परिवारको मुख्य व्यक्तिको नाम :
गा.वि.स./न.पा................. वार्ड नं.:
टोल/वस्ती:

**परिवारिक विवरण**

| क्र.स. | परिवारको सदस्यको नाम थर | जन्म मिति वा उमेर | मुख्य व्यक्तिसंगको नाता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**लगत राख्ने कर्मचारीको**
नाम :
हस्ताक्षर :
पद :
मिति :

**प्रमाणित गर्ने कर्मचारीको**
नाम :
हस्ताक्षर :
पद :
मिति



## जिल्ला विकास समिति/गाउँ विकास समिति/नगरपालिका वडा कार्यालयले मासिक/ वार्षिक प्रतिवेदनको रुपमा मन्त्रालय, जिविस, नगरपालिका कार्यालयमा पठाउने विवरणको ढाँचा

...........................जिल्ला विकास समिति/गाउँ विकास समिति/नगरपालिका कार्यालय
वडा नं..............

**प.सं** **मितिः**

**च.नं.**

**विषयः व्यक्तिगत घटना दर्ताको वार्षिक/मासिक विवरण पठाइएको ।**

श्री ......................................
...........................................

यस जिल्ला विकास समिति/गाउँ विकास समिति/नगरपालिका कार्यालयहरुमा २० ........ साल .................... महिनामा निम्न बमोजिमको व्यक्तिगत घटना दत भएका व्यहारा अनराध गदछ

| क्र.स. | वडा/गा.वि.स./न.पा. को नाम | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाईसराई दर्ता | | | | सम्वन्ध विच्छेद संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाइसराइको संख्या | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | जम्मा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |

# व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) सम्बन्धी नागरिक बडापत्र

| सि.नं. | विषय | सेवाग्राहीले उपलब्ध गराउनुपर्ने कागजात | काम सम्पन्न हुने मिति | जिम्मेवार निकाय/व्यक्ति | उजुरी सुन्ने व्यक्ति/निकाय |
|---|---|---|---|---|---|
| १ | घटना दर्ताका विवरण सच्याउने | **जन्म दर्ता प्रमाणपत्रमा संशोधन**<br><br>**क) जन्म मिति सच्याउनको लागि :**<br>(१) परीक्षा नियन्त्रण कार्यालयको प्रवेशिका परीक्षाको लब्धाङ्कपत्र(लब्धाङ्कपत्र जारी भएको मिति ६ महिना नाघेको हुनुपर्ने।) र विद्यालयको चारित्रिक प्रमाणपत्रको प्रतिलिपी वा<br>(२) अस्पतालमा जन्मेको बच्चाको हकमा अस्पतालले प्रदान गरेको जन्म प्रमाणपत्र वा<br>(३) नाबालिक परिचयपत्र वा<br>(४) नागरिकताको प्रमाणपत्र वा<br>(५) कुनै पनि प्रमाण खुल्ने कागजात प्राप्त नभएको अवस्थामा स्थानीय निकायको प्रतिनिधिको रोहवरमा कम्तीमा ५ जना नेपाली नागरिकता प्राप्त व्यक्तिको सर्जमिन मुचुल्का (सर्जमिन मुचुल्का गर्नेहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।)<br><br>**ख) जन्म दर्तामा नाम संसोधनको लागि**<br>(१) बच्चाको नाम संशोधन गर्नुपरेमा आमा र बाबुको निवेदन वा बच्चा र बाबु-आमाको सम्बन्ध खुलेको अन्य कागजात वा प्रमाणपत्र ।<br>(२) नाम संशोधन गर्नु पर्ने व्यक्ति बालिग भएमा एस.एल.सी प्रमाणपत्र, विद्यालयको चारित्रिक प्रमाणपत्र वा बाबु आमासँग नाता खुल्ने अन्य आधिकारिक प्रमाणपत्र ।<br>(३) आमा-बाबु वा बाजेको नाम संशोधन गर्नुपरेमा<br>(क) सो सम्बन्धी आवश्यक कागजात नागरिकता, विवाह दर्ता प्रमाणपत्रमा वा एस.एल. सी. वा सोभन्दा माथिल्लो स्तरको शैक्षिक प्रमाणपत्रमा नाम खुलेको प्रमाणित कागजात र विद्यालयको चारित्रिक प्रमाणपत्र ।<br>(ख) स्थानीय निकायबाट दुवै व्यक्ति एउटै हो भनी उल्लेख भएको कम्तीमा ५ जना नेपाली नागरिकता व्यक्तिको सर्जमिन मुचुल्का सहित सर्जमिनमा बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |



| सि.नं. | विषय | सेवाग्राहीले उपलब्ध गराउनुपर्ने कागजात | काम सम्पन्न हुने मिति | जिम्मेवार निकाय/व्यक्ति | उजुरी सुन्ने व्यक्ति/निकाय |
|---|---|---|---|---|---|
| | | **ग) जन्म स्थान सच्याउनु परेमा**<br>(१) विदेशमा जन्मिएको बच्चाको जन्मस्थान सच्याउनु परेमा उक्त देशको अस्पतालमा बच्चा जन्मिएको प्रमाणपत्र वा कागजात (प्रमाणपत्र अँग्रेजीमा नभएमा सो देशमा रहेको नेपाली नियोगबाट बच्चा सो देशमा जन्मिएको भनी प्रमाणित गरिएको कागजात) वा<br>(२) उक्त देशमा बच्चाको जन्म दर्ता गरिएको प्रमाणपत्र (सम्बन्धित देशमा जन्म दर्ता गरेको भएमा उक्त प्रमाणपत्रको नेपाली नियोगबाट प्रमाणित नेपाली वा अङ्ग्रेजी भावानुवाद) । | | | |
| | | **मृत्यु दर्तामा संशोधनको लागि**<br><br>**क) नाम संशोधन**<br>(१) बाबु बाजे वा पति/पत्नीको नाम संशोधन गर्नुपर्ने भएमा नाता खुल्ने नागरिकता प्रमाणपत्र आधिकारिकता खुल्ने अन्य प्रमाणपत्र जस्तै जग्गाधनी प्रमाणपूर्जा आदि ।<br>(२) खुल्ने कागजात प्राप्त नभएको अवस्थामा स्थानीय निकायको प्रतिनिधिको रोहवरमा गरिएको सर्जमिन मुचुल्का र सर्जमिनमा बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र<br>(३) निवृत्तभरण प्रयोजनको लागि भएमा पेन्सन विवरणमा उल्लेख भएको पारिवारिक विवरण ।<br><br>**ख) मृत्यु मिति सच्याउने सम्बन्धमा**<br><br>(१) अस्पतालबाट जारी मृत्यु मिति उल्लेख भएको मृत्यु प्रमाणपत्र वा सरकारी निकायबाट मृत्यु मिति प्रमाणित गरिएको सिफारिश<br>(२) स्थानीय निकायको प्रतिनिधीको रोहवरमा गरिएको कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |

| सि.नं. | विषय | सेवाग्राहीले उपलब्ध गराउनुपर्ने कागजात | काम सम्पन्न हुने मिति | जिम्मेवार निकाय/व्यक्ति | उजुरी सुन्ने व्यक्ति/निकाय |
|---|---|---|---|---|---|
| | | **विवाह दर्ता प्रमाणपत्रमा संशोधन सम्बन्धमा**<br><br>क) दुलाहा-दुलहीको नाम संशोधन सम्बन्धमा<br>- विवाह दर्ता प्रमाणपत्रमा भएको नाम र संशोधन गर्नुपर्ने नाम एकै व्यक्तिको हो भन्ने आधिकारिक कागजात वा कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र र सम्बन्धित निकायले संशोधन गर्न उचित हो भनी गरेको सिफारिसपत्र ।<br>- दुलाहा-दुलहीको बाबु, बाजेको नाम संशोधन गर्न नाता खुलेको आधिकारिक प्रमाणपत्र वा स्थानीय निकायको रोहवरमा गरिएको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br><br>ख) विवाह मिति सच्याउने सम्बन्धमा<br>- विवाह मिति सच्याउने आधिकारिक कागजात, विवाह मिति फरक परेकोमा संशोधन गर्नुपर्ने कारण र विवाह मिति उल्लिखित भएको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |
| | | **बसाइसराई सम्बन्धी (बसाइसराईको उमेर संशोधन सम्बन्धमा)**<br><br>(१) संशोधन गर्न आधिकारिकता खुलेको नागरिकता,<br>(२) एस.एल.सी. वा सो भन्दा माथिका शैक्षिक प्रमाणपत्रहरू,<br>(३) व्यक्ति फरक परेमा एकै व्यक्ति हो भन्ने सरकारी निकायबाट प्रमाणित कागजात वा<br>(४) स्थानीय निकायका प्रतिनिधिको रोहवरमा भएको कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र ।<br>(५) मिति फरक परेमा आधिकारिकता खुलेको कागजात तथा स्थानीय निकायको सर्जमिन मुचुल्का । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |



| सि.नं. | विषय | सेवाग्राहीले उपलब्ध गराउनुपर्ने कागजात | काम सम्पन्न हुने मिति | जिम्मेवार निकाय/व्यक्ति | उजुरी सुन्ने व्यक्ति/निकाय |
|---|---|---|---|---|---|
| | | **सम्बन्ध विच्छेद**<br>(१) अदालतबाट भएको सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी<br>(२) नाता, जन्म खुलेका नागरिकता, नाता प्रमाणित वा अन्य कागजात<br>(३) स्थायी ठेगानाको सम्बन्धमा नागरिकता प्रमाणपत्रमा उल्लेख भएको ठेगाना वा बसाइसराई गरी आएको प्रमाणपत्र<br>(४) स्थानीय निकायका प्रतिनिधिको रोहवरमा भएको कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |
| २ | घटना दर्ताका विवरण सच्याउन कसले निवेदन दिने | **जन्म दर्ता**<br>(१) जन्म दर्ता गर्दाको सूचक वा<br>(२) क.सं. (१) मा उल्लेखित व्यक्तिको अनुपस्थितिमा बाबु-आमा, बाजे वा परिवारको मुख्य व्यक्ति वा<br>(३) क.सं. (१) र (२) मा उल्लेखित व्यक्तिहरू नभएको अवस्थामा बालिग व्यक्ति स्वयंले ।<br><br>**मृत्यु दर्ता**<br>(१) मृत्यु दर्ता गर्दाको सूचक वा<br>(२) क.सं. (१) मा उल्लेखित व्यक्तिको अनुपस्थितिमा मृत्यु भएको व्यक्तिको पति वा पत्नी वा उमेर पुगेको छोरा वा अविवाहित छोरी वा बाबु आमा वा सरोकारवाला परिवारको सदस्य वा विवाहित छोरी<br><br>**विवाह दर्ता**<br>(१) पति र पत्नी दुवैले<br>(२) पति वा पत्नी मध्ये एक मात्र जीवित भएमा पति वा पत्नीले<br><br>**सम्बन्ध विच्छेद**<br>सम्बन्ध विच्छेद गर्दाको सूचक वा पति वा पत्नी मध्ये कुनै एक जना ।<br><br>**बसाइसराई**<br>बसाइसराई गर्दाको सूचक वा निजको अनुपस्थितिमा बसाईसराईमा उल्लिखित भएको उमेर पुगेको व्यक्तिले । | | | |